ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्ष:२५ ॥ अंक: ३४९ ॥ मंगलबार २६ जेठ २०८३ ॥ नवमी ॥ ने.सं. ११४६ ॥ अनलागा ॥ Tuesday 9 June 2026 ॥ पृष्ठ: ४ ॥ मूल्य: रु.३/-

## साना तथा मझौला व्यवसायीलाई सरकारको बिनाधितो १० लाखसम्म ऋण

सन्देश संवाददाता


काठमाण्डौं/लघु, साना तथा मझौला व्यवसायीले कारोबारमा आधारित भएर डिजिटल माध्यमबाटै कर्जा पाउन सक्ने भएका छन्। यस्ता व्यवसायीले अब डिजिटल माध्यमबाट १० लाख रूपैयाँसम्म कर्जा पाउने व्यवस्था राष्ट्र बैंकले गरेको छ। यस्तो कर्जा लिन धितो राख्नुपर्ने छैन ।

डिजिटल माध्यमबाट प्रवाह हुने कर्जा मार्गदर्शन सच्याउँदै राष्ट्र बैंकले यस्तो व्यवस्था गरेको हो । दीर्घकालीन प्रकृतिको चालु पुँजी कर्जाका रूपमा यस्ता व्यवसायीलाई १० लाखसम्मको ऋण डिजिटल माध्यमबाटै दिने व्यवस्था नयाँ मार्गदर्शनले गरेको छ।

एक वर्ष अवधिको अल्पकालीन चालु पुँजी कर्जाका रूपमा भने यी व्यवसायीले पाँच लाख रूपैयाँसम्म प्राप्त गर्ने भएका छन्। अहिले पनि तलबी खाता हुने ग्राहकले तीन वर्षका लागि पाँच लाख रूपैयाँसम्मको कर्जा डिजिटल माध्यमबाटै प्राप्त गर्दै आएका छन्।

तलब खाताबाहेक अन्य खाता हुने ग्राहकले भने तीन वर्षका लागि दुई लाख रूपैयाँ सम्म कर्जा पाइरहेका छन्। ग्राहकले डिजिटल माध्यमबाट गरेको कारोबार विवरण, भुक्तानी विवरण लगायत व्यवसाय सम्बन्धी अन्य विवरणका आधारमा यस्तो कर्जा दिइनेछ।

## बागमतीलाई १५ अर्ब २१ करोड ४८ लाख




सन्देश संवाददाता

काठमाडौं/आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि संघ सरकारबाट प्रदेशहरुलाई जाने अनुदानतर्फ कर्णाली र मधेस प्रदेशलाई सबभन्दा बढी रकम छुट्याइएको छ। विकास सूचकांकमा पछाडि रहेका यी दुई प्रदेशले संघीय अनुदान बढी पाएका हुन्।

अन्तरसरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह) २०८३/०८४ अनुसार आगामी आर्थिक वर्षका लागि चार खर्ब २४ अर्ब २७ करोड ७४ लाख विनियोजन भएको छ। जसमध्ये स्थानीय तहलाई तीन खर्ब १४ अर्ब ६३ करोड ३९ लाख र स्थानीय तहलाई एक खर्ब नौं अर्ब ६५ करोड ३५ लाख बराबर हो। संघ सरकारले प्रदेश र स्थानीय तहलाई समानीकरण, सशर्त, विशेष र समपूरक शीर्षकमा अनुदान दिएको हो।

प्रदेशका लागि विनियोजन भएको अनुदान रकममा सबभन्दा बढी मधेस प्रदेशलाई १७ अर्ब ५९ करोड ८७ लाख विनियोजन भएको छ। कर्णाली प्रदेशका लागि १७ अर्ब २० करोड ८२ लाख विनियोजन भएको छ। कोशी प्रदेशका लागि १६ अर्ब ४७ करोड १० लाख, बागमतीका लागि १५ अर्ब २१ करोड ४८ लाख, गण्डकीका लागि १२ अर्ब ७२ करोड ८५ लाख, लुम्बिनीका लागि १४ अर्ब ४१ करोड ७६ लाख र सुदूर पश्चिमका लागि १६ अर्ब एक करोड ४७ लाख विनियोजन भएको छ।

आगामी आर्थिक वर्षका लागि संघीय सरकारबाट प्रदेश र स्थानीय तहलाई जाने अन्तरसरकारी वित्तीय हस्तान्तरणको रकममध्ये समानीकरण अनुदान ६१ अर्ब ५० करोड ३२ लाख र सशर्त अनुदान ३९ अर्ब ७२ करोड ७४ लाख छ। विशेष अनुदानतर्फ तीन अर्ब ८२ करोड ११ लाख र समपूरक अनुदातर्फ चार अर्ब ६० करोड १८ लाख विनियोजन भएको अर्थ मन्त्रालयले जनाएको छ।

# बागमतीबाट सबभन्दा बढी विवरण गणना



सन्देश संवाददाता

हेटौंडा/राष्ट्रिय तथ्यांक कार्यालयले दोस्रो चरणको आर्थिक गणनाअन्तर्गत् बागमती प्रदेशबाट सबभन्दा बढी दुई लाख ८२ हजार व्यावसायिक प्रतिष्ठानको आर्थिक विवरण संकलन गरेको छ।

करिब ११ लाख ७० हजार व्यावसायिक प्रतिष्ठानको विवरण गणना हुँदा कर्णालीबाट सबभन्दा कम ५२ हजार प्रतिष्ठान समावेश भए। जेठ २२ गतेसम्म कार्यालयले लिइएको लक्ष्य अनुसार देशभर करिब ८० प्रतिशत् कार्यप्रगति भएको आर्थिक गणना शाखा निर्देशक डा. वेदप्रसाद ढकालले जानकारी दिए।

कार्यालयले आर्थिक कारोबार हुने औपचारिक तथा अनौपचारिक क्षेत्रका व्यापार–व्यवसाय गर्ने सबै व्यावसायिक प्रतिष्ठानलाई गणनामा सहभागी हुन आग्रह गरेको छ। कार्यालयले व्यावसायिक कृषि, खानी, उत्पादन, उद्योग, व्यापार, निजी व्यवसाय, बैंक तथा सहकारीलगायत वित्तीय संस्था, व्यापारसम्बन्धि प्रतिष्ठान लगायतको तथ्यांक संकलन गरेको हो। संकलित विवरणका आधारमा सरकारलाई व्यावसायिक नीति, वाणिज्य नीति तथा आर्थिक विकासका तथ्यपरक योजना बनाउन सहज हुनेछ।

देशको आर्थिक गतिविधि प्रस्तुत गर्ने र राष्ट्रिय आर्थिक नीतिनिर्माणमा आधार प्रदान गर्ने उद्धेश्यले गणना गरिएको हो। २०७५ मा पहिलोपटक गणना सम्पन्न गरिँदा नौं लाख २३ हजार ३ सय ५६ प्रतिष्ठान समावेश थिए। यसपटक करिब १४ लाख प्रतिष्ठान सहभागी हुने अनुमान गरिएको छ। गणना बैशाख २ गतेदेखि असार ७ गतेसम्म जारी छ।

देशको आर्थिक विकासका लागि महत्वपूर्ण तथ्यांक प्रदान गर्ने अपेक्षा गरिएको उक्त कार्यक्रममा सबै प्रदेशमा प्रमुखसचिवको अध्यक्षतामा प्रदेश आर्थिक गणना समन्वय समिति तथा जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला आर्थिक गणना समन्वय समिति गठन गरिएको छ। गणनालाई बढी भरपर्दो र विश्वसिलो बनाउन वडामा छुट्टै वडा समिति गठन गरिएको कार्यालयले जनाइएको छ। सबै प्रकारका औपचारिक तथा अनौपचारिक उद्योग, व्यापार–व्यवसाय र सेवाक्षेत्रलाई समेट्न भरपुर प्रयास गरिएको गणनाका लागि तीन हजार ९ सय ६ गणाक तथा ५ सय २६ सुपरीवेक्षक खटिएका छन्।

## चामलभित्र गांजा

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको मनहरी गाउँपालिकाबाट प्रहरीले अवैध लागुऔषध गाँजासहित एक महिलालाई नियन्त्रणमा लिएको छ। इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले आइतबार बिहान करिब १०:३० बजे मनहरी गाउँपालिका वडा नम्बर ८, बेलुवास्थित एक घरबाट उक्त गाँजा बरामद गरेको हो।

प्रहरीका अनुसार बेलुवा बस्ने रमेश न्यौपानेको घरमा कोठाभाडामा बस्दै आएकी बारा जिल्ला स्वर्ण गाउँपालिका वडा नम्बर ८, पर्सामपुर घर भएकी २५ वर्षीया सेहेरा खातुनलाई प्रहरीले पक्राउ गरिएको हो।

खातुनले आफ्नै कोठामा खानतलासी गर्दा कोठाभित्र रहेको चामलको बोराभित्र रातो प्लाष्टिकले बेरेर लुकाएर राखिएको अवस्थामा २२ केजी ८ सय ५२ ग्राम गाँजा फेला परेको प्रहरीले जनाएको छ।


### बालबालिकाको खानपान र स्वास्थ्यमा ध्यान दिऔं।


- ❖सन्तुलित र पौष्टिक आहार नियमित खुवाऔं,
- ❖जंकफुड तथा अत्यधिक चिनी, नुन र तेलयुक्त खानेकुरा घटाऔं,
- ❖नियमित खोप लगाऔं, स्वास्थ्य जाँच समयमै गराऔं,
- ❖स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ❖हातधुन र सरसफाइ गर्न सिकाऔं,
- ❖पर्याप्त निन्द्रा र दैनिक खेलकुद व्यायाममा प्रोत्साहन गरौं,
- ❖मोबाइल/स्क्रिन समय सीमित गरौं,
- ❖मानसिक स्वास्थ्य र सकारात्मक व्यवहारमा ध्यान दिऔं।

स्वस्थ बालबालिका, उज्ज्वल भविष्यको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड


## *सवारी चलाउँदा निद्रा लाग्छ ?*

# १५ वर्षे वैज्ञानिकले बनाए समाधानको उपकरण



माधब न्यौपाने

हेटौंडा/करिब १५ साताअघि विहान ६ बजे इन्द्रसरोवर गाउँपालिका–२, सुकौरा बेसीस्थित कुलेखानी–काठमाडौं सडकमा स्कर्पियो दुर्घटना भयो। वीरगञ्जबाट काठमाडौंतर्फ जाँदै गरेको ना. ४ च ९७७७ नम्बर गाडीका चालक निदाउँदा दुर्घटना भएको प्रहरीले जनाएको थियो। गाडी सडकबाट ३० मिटर तल खसेको थियो।

लामो दुरीमा गुड्ने सवारी एउटामात्र चालकले हाँक्दा थकानका कारण चालक निदाउँछन् जसले गर्दा सवारी दुर्घटना हुन्छ। एउटा चालकले दैनिक सात/आठ घण्टा भन्दा बढी सवारीसाधन चलाउन सक्दैन। तर, पूर्वपश्चिम राजमार्गमा चल्ने बस तथा ट्रकमा एउटै चालकले १४ घण्टासम्म सवारी चलाउने गरेका छन्। शरीरलाई आराम नदिएर निरन्तर सवारी चलाउँदा राति धेरै दुर्घटना हुने गरेको प्रहरी अनुसन्धानका क्रममा देखिएको छ।

निदाउनु भनेको मस्तिष्क र शरीरलाई आराम गराउन आँखा चिम्लिएको र पूर्णरुपले चेतनाविहीन अवस्था हो। बेलुका चाँडै सुत्ने र विहान चाँडै उठ्ने बानी नै शारीरिक तथा मानसिक स्वास्थ्यको सूचक हो। यदि निद्रा पुगेन भने व्यक्तिको शारीरिक तथा मानसिक विकासमा अवरोध आउँछ। त्यसकारण आवश्यकताअनुसार पर्याप्त सुत्नुपर्छ, जसले व्यक्तिलाई सदा स्फुर्त, क्रियाशील र स्वस्थ्य राख्न मद्धत गर्छ। कुनै व्यक्तिको स्वस्थ्यताको प्रमुख सूचकका रुपमा रहेको निद्रा किन लाग्छ ?

निद्रा प्रत्येक मानिस, पशुपक्षी र जीवित प्राणीका लागि अति आवश्यक छ। सबै प्राणीहरु आआफ्नो प्राकृतिक समय र जैविक प्रक्रिया अनुरुप निदाउने गर्छन्। सुताइ र निदाइ भन्नु फरक कुरा हुन्। कोही व्यक्ति मस्त सुत्छ। तर, मस्त निदाउन सक्दैनन् भने त्यो राम्रो सुताइ होइन। मानिसले सपना देखेको बखतको सुताइलाई पनि राम्रो निदाइने होइन भन्ने कुरामा वैज्ञानिकहरु पनि सहमत छन्।

तर के तपाईंलाई सवारीसाधन चलाउने क्रममा निद्रा लाग्ने बानी छ ? यो खतरा हुनसक्छ। एक सरकारी तथ्यांकअनुसार चालकको लापरबाहीका कारण ६७ प्रतिशत्, यात्रुको गल्तीले चार प्रतिशत्, ओभरटेकबाट चार प्रतिशत्, तीव्रगतिका कारण १५ प्रतिशत्, यान्त्रिक गडबडीका कारण चार प्रतिशत् र अन्य कारण (चालक निदाउँदा) समेत छ प्रतिशत् छन्।

यदि तपाईंमा सवारी चलाउँदा कहिलेकाँही झ्याप्प निदाउने बानी छ भने अब तपाईंको समस्या हल हुने भएको छ। सवारीसाधन चलाउँदा निदाउने र त्यसकै कारण ज्यान जानसक्ने खतरा बढ्ने देखिएकाले हेटौंडा–५ को जीएस निकेतन माविको कक्षा–१० मा अध्ययनरत् १५ वर्षका विषम् कोइरालाले नया प्रविधि विकास गरेका छन्।

उनका अनुसार चालकले सवारीसाधन चलाउँदा उनलाई निद्रा लागे उनको आँखा बन्द हुन्छ, उनको आँखा बन्द भएको ३ सेकेन्डमा एउटा खतराको घण्टी (बर्जर) बज्छ, त्यस घण्टीबाट पनि चालकको आँखा नखोलिएमा डिभाइसका माध्यमबाट सवारीसाधनमा ब्रेक लाग्ने हुन्छ। जसका कारण सवारीसाधन पूर्णरुपमा लक भएर गाडी रोकिन्छ।

हेटौंडाको फरेष्ट्री क्याम्पसको म्युजियम हलमा आयोजना भइरहेको 'समर स्टिम एक्स्पो–२०८३' मा सहभागिता जनाउँदै कोइरालाले उक्त प्रविधि विकास गर्दै प्रदर्शनमा राखेका छन्। सोमबारदेखि शुरु भएको एक्स्पोमा काठमाडौं इन्जिनियरिङ कलेजलगायतका सहित ४५ युवा वैज्ञानिकहरुले आफ्ना प्रविधिबारे प्रदर्शन गरेका छन्। प्रदर्शनीमा पानीमात्रको प्रयोगले बाली उब्जाउ गर्न सकिने नेपाली रोबोटको प्रयोग लगायत प्रविधिहरुको बारेमा जानकारी दिएका छन्।

छिमेकी जिल्ला चितवनदेखि कञ्चनपुरसम्मका ४८ वटा स्टलमार्फत् युवा वैज्ञानिकहरुले आफूले विकास गरेका नयाँ र नौला प्रविधिकहरुको प्रदर्शनी गरेका छन्। प्रदर्शनी हेटौंडा उपमहानगरपालिकाको सहयोग र काठमाडौं विश्वविद्यालयको समन्वयमा एष्ट्रोनोभा फाउण्डेसन नेपाल हेटौंडा अनुसन्धान तथा आविष्कार केन्द्रको सहजीकरणमा भएको हो।

नवयुवा बैज्ञानिकहरुको भेलाबाट उत्कृष्ट प्रबिधि प्रदर्शन गर्ने युवालाई बिदेशमा हुने युवा बैज्ञानिक सम्मेलनमा भाग लिने अवसर प्रदान गरिनेलगायत उनीहरुमध्ये प्रथम, द्वितीय र तृतीयहरु बैज्ञानिकलाई नगद सहित पुरस्कृतसमेत गरिनेछ।







हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५औं वर्ष
विचार
मंगलबार २६ जेठ २०८३
Tuesday 9 June 2026


**उखान:** नाच्न नजान्ने आंगन टेढो

**॥ ॥ बेलाको बोली ॥ ॥**

जंगलमा दुई बाटो छुट्टिएका थिए, मैले सबैभन्दा कम हिडिने बाटो रोजे र यसले नै मेरो सबै थोक बदलि दियो ।

*- रोबर्ट फ्रष्ट*

## सम्पादकीय

## भत्किएका सडक मर्मत गर

*नेपालजस्तो पहाडी भू-बनोट, कमजोर भौगर्भिक संरचना र मनसुनी वर्षामा आधारित देशमा सडक पूर्वाधार सुरक्षालाई निर्माण र मर्मतको विषयका रुपमा मात्र होइन, सम्पूर्ण जीवनचक्र व्यवस्थापनका रुपमा हेर्न आवश्यक छ । नेपालसँग मिल्दोजुल्दो भौगोलिक अवस्था भएका विकसित देशहरुमा सडक निर्माणअघि विस्तृत भूगर्भीय अध्ययन, जोखिम नक्साङ्कन, वर्षा तथा पहिरोको पूर्वानुमान, ढल निकास प्रणाली, ढिस्को संरक्षण तथा जैविक र यान्त्रिक पहिरो नियन्त्रणका उपायहरु अपनाइन्छ । सडक बनेपछि नियमित अनुगमन, मर्मत सम्भार र जोखिमयुक्त स्थानको निरन्तर सुधारलाई बजेटको अनिवार्य हिस्सा बनाइन्छ । नेपालमा भने निर्माणलाई प्राथमिकता दिने तर मर्मतलाई गौण ठान्ने प्रवृत्तिले गर्दा केही वर्षमै सडकहरु जीर्ण हुने र वर्षायाममा थप जोखिम निम्तिने गरेको छ ।*

*यसै कारण निर्माण बजेट जत्तिकै मर्मत बजेट पनि आवश्यक छ । खाल्डाखुल्डी पुर्नु, नाली सफा गर्नु, भासिएको भाग मर्मत गर्नु, ढिस्को स्थिर बनाउनु तथा पुलहरुको नियमित परीक्षण गर्नु निर्माणभन्दा कम महत्वपूर्ण काम होइनन् । मर्मतमा समयमै गरिएको सानो लगानीले ठूलो क्षति र पुनर्निर्माण खर्च बचाउन सक्छ । त्यसैले सडकलाई राष्ट्रिय सम्पत्तिका रुपमा हेरेर नियमित मर्मतका लागि छुट्टै र सुनिश्चित कोषको व्यवस्था आवश्यक देखिन्छ । राजमार्ग क्षेत्रमा नियमित सुरक्षाकर्मी मात्र पर्याप्त हुँदैनन् ।*

*बाढी, पहिरो, सडक दुर्घटना वा सडक अवरोधको अवस्थामा एकीकृत उद्धार टोली आवश्यक हुन्छ । यस्तो टोलीमा सडक विभाग, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, स्वास्थ्यकर्मी, दमकल सेवा, भारी उपकरण सञ्चालक र स्थानीय प्रशासनको प्रतिनिधित्व हुने गरी नयाँ संरचना बनाउन आवश्यक छ । अहिले सडक अवरुद्ध हुँदा डोजर कहाँबाट ल्याउने, उद्धार टोली कहिले पुग्ने र समन्वय कसले गर्ने भन्ने समस्या देखिन्छ । प्रत्येक प्रमुख राजमार्गमा निश्चित दूरीमा उद्धार केन्द्र स्थापना गरी त्यहाँ एम्बुलेन्स, एक्साभेटर, लोडर, क्रेन, सञ्चार उपकरण र प्रशिक्षित जनशक्ति तयारी अवस्थामा राख्न सकिए मानवीय तथा आर्थिक क्षति उल्लेखनीयरुपमा घटाउन सकिने थियो कि वा बेलैमा सडकको मर्मतसंभार गर्न सकिन्थ्यो कि ?*

### मकवानपुरमा आज


१: जानकारीमा नआएको ।

### तपाईंको आज

| | |
|---|---|
| **मेष** लगनशीलताले समाधान दिलाउन सक्छ । सामाजिक नेतृत्व हात लागी हुनेछ । व्यापारमा फाइदै हुनेछ । तर विरोधीहरूले दुःख दिनेछन् । | **बृष** पछिका लागि केही वस्तु त्यागनुपर्ने हुन सक्छ । खर्च लागे पनि रोकिएका काम बन्नेछन् । लामो यात्रा गर्ने अवसर जुट्नुका साथैक्षेत्र लाभदायक रहनेछ । |
| **मिथुन** घर-परिवारमा असमझदारी बढ्न सक्छ । फजुल खर्च बढ्नेछ भने काममा पनि उल्झन आउन सक्छ । बेसुरमा दिइएको वचनले समस्या हुनेछ । | **कर्कट** दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । तत्काल फाइदा लिँदा नोक्सान हुनेछ । |
| **सिंह** सजग रहनुहोला । समस्या र अर्थअभाव एकसाथ सामना गर्नुपर्ने देखिन्छ । आँटेको काम रोकिन सक्नेछ । गरेको श्रमबाट नहुन सक्छ । | **कन्या** छिद्र खोतल्नेहरूले दुःख दिनेछन्, विशेष योजना राखेर अघि बढ्नुहोला शुभचिन्तकहरूको-सहयोग जुट्नाले काम सम्पादन गर्न सकिनेछ । |
| **तुला** परिस्थितिअनुसार नियम मिचेर भए पनि कुनै काम गर्न अघि सर्नुपर्ला प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिने देखिन्छ । | **बृश्चिक** चुनौतीका बाबजुद स्वाभिमान रक्षा गर्न सकिनेछ । नयाँ अवसर पाइनेछ। तर चुनौती समेत देखा पर्ने हुँदा होसियारीसाथ काममा जुट्नुपर्ला । |
| **धनु** मान-सम्मानमा समेत आघात पुग्ने सम्भावना छ । आफ्नो कमजोरीको फाइदा अरूले उठाउन सक्छन् । श्रम-अनुसार सोचेको फाइदा नहुन सक्छ । | **मकर** विशेष कर्म प्राप्तिको योग छ । होसियारीसाथ काममा जुट्नुपर्ला कुनै विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ । |
| **कुम्भ** नियमित काममा भने सामान्य चासो लिँदा झमेला आइलाग्न सक्छ । विवादास्पद जिम्मेवारी आउला सावधानीले मात्र कार्यसिद्धि हुनेछ । | **मिन** बोली-व्यवहारमा अलि सजग रहनुपर्ला हातबाट लक्ष्मी बाहिरिने सम्भावना देखिएकाले कर्जा र उधारो व्यापारमा चनाखो रहनुपर्नेछ । |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन नं. : ०५७-५२२२३७
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४०१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# युवा प्रधानमन्त्रिलाई वृद्धको अनुभव पुस्तान्तरण



✍बद्रीप्रसाद खतिवडा

राजसंस्था पुन:स्थापन, स्व. प्रधानमन्त्री टंकप्रसाद आचार्यलाई लोकतन्त्रको जनकको उपाधी, सडक बाटोघाटोको उपादयताको सम्बन्धमा मार्गचित्र र स्व. प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले बिक्री गरेका ऐतिहासिक र पुरातात्विक महत्वका वस्तुहरु विदेशबाट फिर्ता गर्नेसहितको सुझावहरु : :

लोकतान्त्रिक अभ्यास गर्दै सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले बालेन सरकारलाई चुनावमा दुई तिहाइ मत दिइ नेपालीको सम्पूर्ण आशा र अपेक्षा बालेन सरकारले पुरा गरी दिनेछन् भनी आशामा पर्खी बसेका छन् । नेपाली जनताको आशा र अपेक्षा धेरै भएता पनि साधन श्रोतको न्यूनताले जनताको आशा र अपेक्षा पुरा गर्ने बाटोमा चुनौती देख्न सकिन्छ । चुनौती जती नै ठूलो भएता पनि युवाको अदम्य शाहस र बयोबृद्धका लामो अनुभवको समिश्रण भएमा सुन्दर, शान्त र समृद्ध नेपाल बन्न लामो समय नलाग्ने प्रष्ट छ ।

दुषित नेपाली राजनीतिको कारणले नेपाल र नेपालीको स्वाभिमान र विकासका लागि समर्पित स्व. टंकप्रसाद आचार्यको योगदानलाई बिर्सिएको अवस्था छ भने उक्त अतुलनीय योगदानलाई धुमिल गर्दै सभ्य नेपाल र नेपालीकोसमेत मानमर्दन गरिएको छ । राजनीतिमा छल कपट, द्वेश, घृणा, अहंकार, लोभलालचबाट माथि उठ्दै निस्वार्थ र निश्चल भावनाका स्व. प्रम आचार्यलाई बालेन सरकारले लोकतन्त्रको जनकको उपाधी दिन ढिलो गर्न हुँदैन । राजनीतिक निश्चलता, शुद्धता र विनम्रता देश विकासको मेरुदण्ड हो भन्ने कुराको ज्ञान दिनका लागि पनि स्व.प्रम आचार्यलाई लोकतन्त्रको जनकको उपाधीले सम्मानीत गर्नु आवश्यकता हो ।

बालेन सरकारले सबै शक्तिलाई एकै साथ लिएर हिड्नु पर्ने टड्कारो आवश्यकता छ । बहुल जातजाती भएको हाम्रो देश नेपालमा एकिकरणको गौरवमय इतिहास बोकेको शाह वंशीय राजतन्त्रलाईसमेत समेटनु पर्ने आवश्यकता छ । नेपाल र नेपालीको एकताको प्रतिक राजतन्त्रलाईसमेत लोकतन्त्रको अभिन्न अंगको रुपमा रहने गरी धार्मिक सांस्कृतिक फाँट एवम् जातीय एकताको फाँटको प्रतिकको रुपमा स्थिापित गरी शाह वंशीय राजालाई श्री ५ को पदवीसहित राजतन्त्र पुन:स्थापना गरिएको खण्डमा स्थिर राजनीति, राष्ट्रिय एकता र बाहिरी देशको हस्तक्षेत्र मुक्त नेपाल राष्ट्रको परिकल्पना साकार हुने हुन्छ ।

पुर्वी नेपालका नेपालीलाई हेटौडा, चितवन, (धादिङ-मुग्लीनको बाटो) हुँदै काठमाडौ आवत्जावत गर्दा लामो दुरीका कारणले ६ घण्टा थप समय र सोहीअनुसार भाडा तिर्न बाध्य भई हैरानी व्यहोर्नु परेको तितो सत्य सर्वविधितै छ । यसरी मुग्लीनको कठिन यात्रालाई सहज बनाउन सरकारले काठमाडौंदेखि हेटौंडासम्म केवुलकार विस्तार गरेमा पुर्वी नेपालका यात्रुहरुलाई नेपालको राजधानी टाढा हुने छैन । काठमाडौंदेखि हेटौंडासम्मको केवलकारको दुरी लगभग साढे ४२ किलोमिटर मात्र भई उक्त दुरी ४५ मिनेटमा सहजै केवलकारको मद्दतले पार गर्न सकिने हुन्छ । यसरी काठमाडौं-हेटौंडा केवलकारले मुग्लीन सडक हुँदै काठमाडौ आवत जावत गर्ने मानिसको समयको त बचत हुन्छ हुन्छ, विदेशबाट आयातित इन्धन तथा सवारी साधनको पार्ट पुर्जाहरुको समेत कम खर्च भई नेपालको आफ्नै विद्युत उर्जाको प्रयोगसमेत भई विदेशी राष्ट्रसंगको व्यापार घाटासमेत कम हुने प्रष्ट छ ।

यसका साथै हुम्लाको सिमिकोट र हिल्सा जोड्न समेत केवलकारको निर्माण हुनु अत्यन्तै जरुरी छ । सिमिकोट र हिल्सा जोड्ने बाटोमा हिमपात हुने भएकोले बर्षमा ६ महिना पनि उक्त सडक मार्ग प्रयोग गर्न सकिंदैन । उक्त बाटो निर्माण भएको खण्डमा नेपालको बाटो हुँदै कैलाश मानसरोवरको धार्मिक यात्रासमेत सहज हुने तथा धार्मिक पर्यटन, व्यवसायसमेतको विकास हुने प्रष्ट छ । सरकारको उपस्थिती राजधानी र देशका प्रमुख व्यापारिक केन्द्रको विकासमा मात्र केन्द्रित नभई दुरदराजका स्थानको विकाससमेतको लागि समर्पित हुनु पर्दछ । हुम्लाको दु:ख काठमाडौंको सरकारलेसमेत प्रतिदिन महसुस गर्दै देशको दुर्गम क्षेत्रको विकासमा धेरै खर्च लाग्छ भनी पछि हट्नु हुंदैन । देशका दुर्गम क्षेत्रको विकास गर्न धेरै रकम खर्च हुन्छ भनी विकासको झिल्को दुर्गम नेपालमा नपुऱ्याउनु राजनीतिक दुर्वलता र कमजोर मनस्थितीको प्रतिक हो । त्यसैले दुर्गमभन्दा दुर्गम क्षेत्रको विकास गर्न केही पनि कसर नछोड्नुले नै गौरवमय राजनीतिक इतिहासको जग बलियो बनाउंछ । तसर्थ हुम्ला सिमिकोट र हिल्सा जोड्ने केवलकारको निर्माण यथासिघ्र सुरुवात गरी सरकारले आफ्नो उपस्थिती दुर्गम नेपाली जनको मनमा राख्न सफल होस् भन्ने शुभेचक्षा छ ।

तिब्बतबाट नेपाल प्रवेश गर्ने तीन ठूला नदीहरु हुम्ला कर्णाली, मुगु कर्णाली र पूर्वी नेपालको अरुण नदी रहेको छ । यी नदीहरुको जलप्रभाव असिमित छ । यी नदीहरुमा जलयातायातको लागि प्रयोग गर्नु पर्दछ । यी नदीहरुको पानीलाई जलमार्गको रुपमा प्रयोग गर्दा उत्तरी छिमेकी चिनसंगको पहुंचको दुर्गमता लाई कम गर्न सकि सहजै नेपालले तिब्बतलाई जोड्न सक्ने प्रष्ट छ । यसरी उक्त जल मार्गको कारणले सिर्जित दुर्गमता घट्न गई पानीको प्रवाहलाई प्रयोग गर्दा तिब्बतबाट किनिएका सरसामान उर्जाको खर्च बिनानै नेपालमा ल्याउन सक्ने भई यातायातको क्षेत्रमा ठूलो क्रान्ति हुने निश्चित छ ।

यसका साथै नेपालको उत्तर दक्षिण क्रस हिमालय रेलमार्गसमेतको आवश्यकता छ । रेलमार्ग निमार्ण गर्न धेरै धनरासीको खर्च भएता पनि नेपाल भारतको सिमाना रक्सौलदेखि ललितपुरको खोकनासम्म भारत सरकारले रेलमार्गको नक्साङ्कन गरी नेपाल सरकारलाई बुझाएको छ । यसका साथै छिमेकी देश चीनलेसमेत केरुङदेखि टोखासम्म रेलमार्गको नक्साङ्कन गरी सकेको छ । उक्त रेलमार्गको संयुक्त रेलवे स्टेसन चोभारको डांडामुनि भुमिगतरुपमा बनाउनु पर्दछ । यसरी भारत र चीन सरकारले नेपालमा रेल निर्माण गर्ने हेतु नाप नक्सा गरेको अवस्था छ तर भारतको उक्त नक्सामा त्रुटि रही कतै एक लेनको ट्र्याकको मात्र रेलमार्ग छ भने कतै दुई लेनको रेल ट्र्याकको नक्सा छ भने भारतले दिएको सर्भे रिपोर्टमा बाटो अनावश्यकरुपले घुमाउरो बनाइएको छ, आजको द्रुत गतिमा हिड्ने जवानामा घुमाउरो रेलवे मार्ग बनाउनु बुद्धिमतता होइन तसर्थ उक्त रेलमार्गलाई ब्रोडगजको, सिधा दिशामा हिड्ने रेलवे ट्र्याक बनाई उक्त त्रुटि चाडै सच्याइनु पर्नेछ ।

नेपालको राजधानी काठमाडौं र तराईलाई जोड्ने हाल द्रुतमार्गको निर्माण भईरहेको छ । उक्त सडक नेपाली सेनाले बनाई रहेकोमा उक्त सडक अति नै खर्चिलो भई सेतो हात्तीको रुपमा देखिएको आयोजना भए पनि हालसम्म पनि उक्त सडक खण्डमा ४५ प्रतिशत मात्र काम भएको छ । उक्त सडकखण्डको उत्तरी निकास बिन्दु परिवर्तन गरी थानकोटमा बनाउन सकिएमा उक्त सडक मार्गमा लाग्ने ठूलो धनरासी बच्नेछ । द्रुत मार्गमा हालकै अवस्थामा सडक निर्माण गरिएमा उक्त मार्गमा १२ हजार ८०० मिटरको पुल पुलेसाको आवश्यकता पर्छ भने थानकोटमा आगमन बिन्दु बनाइए केवल ८०० मिटरको पुल पुलेसा बनाए मात्र उक्त सडकखण्डले पूर्णता पाउंछ । यसका साथै द्रुत मार्गको उत्तरी बिन्दु थानकोट बनाएकोमा उक्त द्रुतमार्गको कुल लम्बाई ५ देखि ७ किलो मिटर घट्ने हुन्छ । यसका साथै द्रुतमार्गको उत्तरी निकास बिन्दु परिवर्तन गरी थानकोट बनाइएमा उक्त सडक भौगोलिकरुपले कम जोखिम हुने स्थानबाट गुज्रने भई बाढी, पहिरो, आदीको जोखिमसमेत घट्ने क्रममा हुने धनजनको क्षतीलाई न्यूनिकरण गर्न सकिन्छ ।

द्रुतमार्ग निर्माणमा आजसम्म जे जति खर्च भएता पनि पुन: एक पटक विचार गरी द्रुत मार्गको उत्तरी निकास बिन्दु थानकोटलाई बनाइएको अवस्थामा वर्तमान तथा भविष्यमा हुने आर्थिक भारबाट ठूलो राहत मिल्नेछ । आजको दिनसम्म नेपाली सेनाले आफ्नो गौरवमय इतिहासलाई कायमै राखेको छ । यसरी आफ्नो गौरवलाई अक्षुण राखेको सेनालाई उक्त सडक निर्माणको कार्यमा संलग्न गर्दा आर्थिक गतिविधमा सेनाको भुमिका बढ्न गई प्रजातन्त्र र प्रजातन्त्रको मूल्य मान्यता समेतमा खलल् पुग्न सक्ने भन्ने तथ्य पाकिस्तान, बंगलादेश, म्यानमार जस्ता छिमेकी देशका सेनाले आर्थिक गतिविधिमा भाग लिंदा लोकतन्त्र कमजोर भएको उदाहरण सबैमा जगजाहेर नै छ ।

तसर्थ उक्त द्रुतमार्ग नेपाल सरकारको मातहतमा रहेको सडक विभागबाट निर्माण गर्न लगाउंदा सडक विभागको क्षमतामा बृद्धि हुने तथा उक्त निर्माण कार्यको स्मृती सरकारी निकायमा भविष्यका लागिसमेत अभिलेखीकरण हुने भएकोले बहुआयामिक दृष्टिले ठूलो लाभ हुने भएकोले सडक विभागलाई उक्त द्रुतमार्ग निर्माण गर्न लगाउनु बुद्धिमता हुनेछ ।

नेपाललाई बलियो सिमा व्यवस्थापनको आवश्यकता छ । नेपाल-भारत सीमामा पूर्वदेखि पश्चिमसम्म ७२ ठाउंमा भारतले नेपालको भुभाग अतिक्रमण गरेको छ । भारतले नेपालको भुभाग अतिक्रमण गरेकोमा उक्त भुभाग चाडोभन्दा फिर्ता दिनु पर्दछ । नेपालको चुच्चे नक्सामा रहेको कालापानी, लिपुलेक र लिम्पीयाधुरासहितको नेपालको भुभाग नेपालको हो भनी भारतलाई स्विकार गर्न लगाई चुच्चे नक्सामा रहेको भुभाग नेपालको उच्चतम फाइदा हुने गरी भारतलाई करार गरी प्रयोग गर्न दिन सकिन्छ । उक्त करारमा नेपालले भारतको मार्ग (चिकेन नेक) हुँदै बंगलादेश फुलबारी नाका जोड्ने मार्गको सम्पूर्ण भारतीय भुभाग नेपालको हुने तथा चुच्चे नक्सामा रहेको नेपालको सम्पूर्ण भाग भारतको हुने गरी करार समेत गर्न सक्ने गरी नेपाल सरकार पूर्णरुपमा पूर्ण तमतैयार भई भारतसंग आंखा जुधाइ बार्ता गर्न पछि पर्नु हुँदैन ।

शिक्षा र स्वास्थ्यको व्यापारिकरण रोक्न नसकिएमा निकट भविष्यमा नै नेपाल युवा बिहिन हुन सक्ने अवस्था छ । शिक्षाको व्यापारिकरणलाई निरुत्साहित गर्नु निकै नै आवश्यक छ । उच्च मावि तहसम्मको अध्ययन सामाग्रीहरु जस्तै किताव तथा विद्यार्थीका पोशाकसमेत देशव्यापीरुपमा एकै रंग र प्रकृतीका हुनु पर्दछ । विद्यालयमा भिन्नभिन्न पुस्तक र भिन्नभिन्न पोशाक हुनु नै हुँदैन । यसका साथै स्वास्थयमा समेत उच्चस्तरीय औषधी उद्योग नेपाल सरकारकै पहलमा नेपालीको शेयर रहने गरी निर्माण गरिनु पर्दछ । सो उद्योगमार्फत् नेपाललाई चाहिने सम्पूर्ण औषधी नेपालमा नै उत्पादन हुने अवस्था श्रृजना गर्नु पर्दछ ।

कृषिको आधुनिकरण गरी कृषिलाई सम्मानित पेशाको रुपमा चिनाउनु पर्ने निर्विवाद छ । तराई मधेस क्षेत्र तथा भित्रि मधेसका उपत्यका क्षेत्रहरु सुख्खाग्रस्त भएर किसानहरु कृषि पेशाबाट नै विमूख बन्नुपर्ने अवस्था आइरहेको छ । परम्परागत कृषि प्रणाली निर्वाहमुखी मात्र भएकोले त्यस्ले युवा पुस्तालाई कृषिमा आकर्षित गर्न सक्दैन । अब कृषिमा आधुनिकरण गर्न कृषिभूमि चक्लाबन्दी गरी ठूलाठूला कृषि फार्म सञ्चालन गर्ने नीति लिनु पर्दछ । यस्ता फार्मको सञ्चालन, रेखदेख र बजारीकरणकै लागि व्यवस्थित तवरले कृषि सहकारीको स्थापना गर्ने नीति बनाउनु पर्दछ, र त्यस्ता फर्महरुमा तराइका डुबान, कटान पीडित, भुमिहिन किसान र पहाडका पहिरो पीडित परिवारका सदस्यलाई रोजगारी दिनु पर्दछ ।

सुख्खाग्रस्त तराई-मधेस क्षेत्रको लागि पानी उपलब्ध गराउन पहाडदेखि झरेका नदीहरु डाइभर्सन गरी सिंचाईको भरपर्दो व्यवस्था मिलाउन सके नेपाललाई ५ बर्षमा कृषिमा आत्मनिर्भर बनाउन सकिन्छ । बि.स. ०७ सालपछिको सरकारले कोशी र गण्डकी सित्तैमा भारतलाई दिएको कारण नेपाली भूमि सुख्खा छ । यसका साथै कोशी, गण्डकीबाहेक अन्य नदीको पानीसमेत भारतले प्रयोग गरेको सर्वविदितै छ । यसरी नेपालको पानी भारतले नि:शुल्क प्रयोग गरे बापत भारतले नेपाललाई निर्विवाद क्षतिपूर्ति दिनु पर्नेछ । यसरी भारतले नेपालाई क्षतिपूर्ती नदिइ बर्षौं सम्म लिएको फाइदाको सट्टामा भारत तथा भारतका प्रान्तीय सरकारहरुलाई नेपाल भित्र उनीहरुको सम्पूर्ण लगानीमा डाइभर्जनसहितको नहर र उक्त डाइभर्जनमा विद्युतसमेत उत्पादन गर्न मिल्ने पुर्वाधार बनाउन भारत र प्रान्तीय सरकारसंग नेपालले तत्काल कुटनीतिक पहलकदमी अघि बढाउनु नितान्तै आवश्यक छ । यसरी नहर बनाउंदा कुनै पनि उपकरण विना नै सहजैरुपमा किसानको खेतमा पानी लाउन मिल्ने इन्जिनियरिङ डिजाइन गर्दै सबै क्षेत्रमा पानि पुग्ने शुनिश्चित गर्ने नहरको सञ्जालसमेत बनाउनु पर्ने निर्विवाद छ ।

हरियो वन नेपालको धन कथामा मात्र सिमित छ । वैज्ञानिक र प्राविधिक अध्ययनबिना नै जथाभावी डोजर चलाएर भूमि छियाछिया पार्ने क्रम रोकिएन भने सम्पूर्ण पहाडी भेग कुरुपका साथ साथै अब आउने समयको काल खण्डमा बस्न नै नसकिने हुनेमा दुईमत छैन । तसर्थ जल भण्डारको संरक्षण, प्राकृतिक सम्पदको संरक्षण, वन्यजन्तुको संरक्षण गरी वातावरण सन्तुलन कायम राख्न वनको फडानीका साथ साथै वन विनासको क्रम रोकिनु नितान्तै आवश्यक छ । सरकारले चुरे क्षेत्रको संरक्षको लागि राष्ट्रपति चुरे संरक्षण आयोजना लागु गरेकोमा उक्त आयोजना नाम मात्रको भएकोले समृद्ध चुरे आजको आवश्यकता हो । यसका साथै नेपालको जल, जंगल र जडिवुटी को समूच्चा संरक्षण गरी जल, जंगल र जडिवुटीबाट धेरैभन्दा धेरै फाइदा लिनुपर्ने आजको नेपालको आवश्यकतासमेत हो ।

५० को दशकमा पूर्व प्रधानमन्त्री स्व. गिरिजा प्रसाद कोइरालाको शासनकालमा नेपाल अधिराज्यबाट ४५० टन ऐतिहासिक एवम् पुरातात्विक महत्वका वस्तुहरु क्रिश्चियन क्रायामर नामका अमेरिकन व्यपारीलाई बिक्री गरी हाल उक्त वस्तुहरु संयुक्त राज्य अमेरीकाको न्यूजर्सी भन्ने स्थानमा बिक्रीका लागि राखिएको छ । उक्त ऐतिहासिक एवम् पुरातात्विक महत्वका वस्तुहरु कोइरालाको जोडबलमा नेपाली सेनाको गाडीमा राखी नेपालको नाका कटाइ भारतको सहर रक्सौलसम्म पुऱ्याईएको थियो । तसर्थ उक्त महत्वपूर्ण वस्तुहरु विदेशबाट झिकाई उक्त कार्यमा सम्लग्न कसूरदारहरुलाई सजाय गर्नु बर्तमान नेपालको नितान्त आवश्यकता हो ।

नेपालको आर्थिक अवस्था वैदेशिक रोजगारदाले नै चलाइ रहेका छन् । यसरी देशको अर्थ अवस्था नै आफ्नो कांधमा लिएका वैदेशिक रोजगारमा जाने नेपालीको सम्बन्धमा नेपालको सरकारले गम्भीर भएर सोच्नुपर्ने हुन्छ । बैदेशिक रोजगारमा जाने व्यक्तिहरु रकमको जोहोका निमित्त मिटर व्याजीको भरमा रहनु पर्ने अवस्थाको अन्त्य हुनु पर्दछ । यसरी देशको आर्थिक अवस्थालाई डोऱ्याउने बैदेशिक रोजगारमा जाने युवालाई विनाधितो कर्जा दिने व्यवस्था गर्नु अपरिहार्य छ ।

हिमाली भेगमा बहुमूल्य जडीबुटी संकलन गरी नेपाललाई आर्थिक लाभ दिने हिमाली भेगबासीको सम्बन्धमासमेत सरकारले ध्यान दिएको पाईदैन । यार्सागुम्बा, पाँच औले, बन लहसुन आदि खोजी गर्न हिमालको टुकुरामा गएका कैयौ नेपालीको दुर्घटना तथा प्राकृतीक विपत्तीबाट अकालमा ज्यान गुमाउनु पर्ने अवस्था छ । तसर्थ हिमाली क्षेत्रमा जडिबुटी संकलन गर्ने व्यक्तिबाट राजस्व मात्र लिने होइन, उनीहरुको जिउ ज्यानको रक्षाका लागि जडिबुटी संकलन गर्ने समयमा उक्त जडिबुटि संकलन हुने स्थानमा स्वास्थ्यकर्मी र सुरक्षाकर्मी जडिबुटी संकलनकर्तासंग संग रहने व्यवस्था गरी, प्रतिकुल अवस्थामा हेलिकप्टर, दक्ष उद्दारकर्ताको विकास गरी हिमाली भेगका नेपालीको जिउ ज्यानको रक्षा गर्न पछि पर्नु हुन्न । यसका साथै हिमाली भेगमा छरिएर रहेका बस्तीहरु र मानिसहरुलाई सहजैरुपमा सेवा सुविधा दिन अत्यन्तै जटिल छ ।

तसर्थ ति छरिएर रहेका बस्तीहरुलाई एकै ठाउंमा घर निर्माण गरी एकिकृत बस्तीको बिकास गर्नु पर्दछ । यसरी एकिकृत बस्ती निर्माण गर्दा स्वास्थ्य, शिक्षा, आदिको सुविधा तिनीहरुका लागि दिन सहज हुनेछ । यसरी बस्ती निर्माण गर्न हरेक एउटा एकिकृत बस्तीका लागि एउटा महानगर पालिका वा उपमहानगरपालिकाको भगिनी सम्बन्ध कायम गरी पालिकाहरुले ती भगिनी सम्बन्ध भएको एकिकृत बस्तीमा समेत समविकास गर्न पाउने कानूनको तर्जुमा गरी लागु गर्ने अवस्थाको श्रृजना गर्नु पर्दछ ।

यसका साथै ती एकिकृत बस्तीको बिकासको लागि नेपाल सरकार, स्थानीय सरकार र प्रदेश सरकारको पहलले मात्र सम्भव नभएकोले नेपालका व्यापारिक घरानाहरुलाई समेत उक्त बस्तिमा प्रतिफल विनाको लगानी लगाएको अवस्थामा उक्त बस्तीमा निर्माण हुने बाटोघाटो, विद्यालय, अस्पताल, गलैचा उद्योग, हस्तकला उद्योगको नाम ती लगानीकर्ताको नाममा वा ती लगानीकर्ताले प्रस्ताव गरेको नाम राख्न पाउने कानून बनाएको खण्डमा लगानीकर्ताले सहजै ति बस्तीमा लगानी लाउने थिए । यसरी प्रतिफल विनाको लागनी लगाउने व्यक्तिले आफ्नो पहिचान पाउने र एकिकृत बस्तीका मानिसले रोजगारीसमेत पाउने सुनिश्चित हुने प्रष्ट छ ।

२१ औ शताब्दीमासमेत खाना, नाना र छानाको सुविधा नहुनु, पशुति गराउंदा गर्भवती महिलाको मृत्यु हुनु, बच्चा जन्माएका आमाले खाना नपाएको कारण नवजात शिशुले समेत आमाको दुध खान नपाई शिशु कुपोषणको कारणले प्रताडित हुनु मानवजातीको सम्बन्धमा नै कलंकको प्रश्न हो । तसर्थ गरिवी रेखा मुनीका जनतालाई परिचयपत्रको व्यवस्था गरी गरिव जनताको भरणपोषण र समुच्चीत विकासमा नेपाल सरकारले अन्य बिलासी कार्यक्रमहरुमा लगाइएको बजेट कटौती गरेर भए पनि लगानी गर्नुपर्ने अपरिहार्य भएको छ ।

अहिलेको सरकारसंग नेपाली जनताको धेरै आकाक्षा छ तर सरकारसंग ति आकाक्षा पुरा गर्न श्रोत साधनको कमि हुने भएकोले देश विकासको उक्त महायज्ञको सुरुवातमा नेपाल सरकारलाई लेखकलेसमेत सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाउदै ११ हजार १ सय ११ मुठ्ठिदान दिने वाचा गर्दै अन्य मानिसलाईसमेत सरकारलाई सहयोग गर्न आग्रह गर्दछु ।

अन्त्यमा म लेखक सरकारको नून खाने सल्लाहकार नभएकोले म आफ्नो सल्लाहमा अडिक रहेको तथा माथि उल्लेखित बिषयमा सरकारसंग आग्रह गर्दछु ।

(लेखक: ९२ बर्षका पुर्वराजनीतिज्ञ हुनुहुन्छ ।)

# नुनमा आयोडिन कि आयोडिनमा नुन ?



✍रमेश कावर

कैलाली जिल्लामा काम गर्ने दौरानमा एकजना स्वास्थ्यकर्मीसँग संवाद भयो । नसर्ने रोगसम्बन्धि छलफल हुँदै गर्दा उहाँले भन्नुभयो, 'सर, यहाँ केही घरपरिवारले अझै पनि ढिक्का नुन प्रयोग गर्छन् । आयोडिनयुक्त प्याकेट नुन खान चाहँदैनन्' । मैले अचम्म मान्दै प्रतिप्रश्न गरेँ, 'किन खाँदैनन् ? जमाना कहाँ पुगिसक्यो, अझै ढिक्का नुन ?'

उहाँको भनाइअनुसार, केही थाइराइडका विशेषज्ञ चिकित्सकहरूले नै आयोडिनयुक्त नुन कम खान सुझाव दिएका रहेछन् । कसैले दिन बिराएर, कसैले केही हप्ता प्याकेटको नुन खानु र केही हप्ता ढिक्का नुन प्रयोग गर्न सुझाव दिएको भने ।

यो संवादपछि मैले केही समाचार र शोधपत्र अध्ययन गरेँ । अनलाइन माध्यममा प्रकाशित चिकित्सकहरूका धारणाहरू पनि हेरेँ । एकजमानामा, नेपालमा आयोडिन डिफिसिएन्सी डिसअर्डरलाई ठूलो जनस्वास्थ्य समस्याको रूपमा मानिन्थ्यो । गलगाँड, सुस्त मानसिक विकास, थाइराइड र बालबालिकाको बौद्धिक विकास जस्ता समस्याहरू व्यापक थिए । यी समस्या न्यूनीकरणका लागि सरकारले आयोडिनयुक्त नुनसम्बन्धि ऐन नै कार्यान्वयन गरेको थियो ।

सामान्य अर्थमा, नुन सोडियम क्लोराइड नामक खनिज पदार्थ हो । यो शरीरका लागि आवश्यक पोषक तत्वहरुमध्ये एक हो । यसले शरीरमा पानीको सन्तुलन, स्नायु र मांसपेशीलाई क्रियाशिल बनाउनुका साथै रक्तचाप र विभिन्न कोशिकाको कार्य सञ्चालनमा सहयोग गर्छ । त्यसैगरी, आयोडिन पनि एक सूक्ष्म पोषक तत्व हो । हाम्रो शरीरमा भएको थाइराइड ग्रन्थिले यसलाई हार्मोन बनाउन प्रयोग गर्छ । यसले गर्भावस्थामा शिशुको विकास, बालबालिकाको शारीरिक र बौद्धिक विकासमा सहयोग गर्दै गलगाँड र सुस्तमनस्थितिबाट रक्षा गर्ने काम गर्छ ।

नेपाल सरकारले सन् १९६५-१९६७ मा राष्ट्रियस्तरको गलगाँड प्रिभिलेन्स सर्वेक्षण गऱ्यो । उक्त सर्वेक्षणकाअनुसार १३ वर्षमाथिको जनसंख्यामा ५५ प्रतिशत प्रिभिलेन्स थियो ।

*साभार: स्वास्थ्य खबर*

# फुटबल टोलीका केहीलाई भिसा नदिएपछि अमेरिकाप्रति इरानको आपत्ति

तेहरान/इरानको फुटबल महासंघले सन् २०२६ को विश्वकप प्रतियोगिताअघि राष्ट्रिय फुटबल टोलीका केही व्यवस्थापकीय तथा कार्यकारी अधिकारीहरूलाई अमेरिकी प्रवेशाज्ञा (भिसा) नदिइएको भन्दै अमेरिकी सरकारको कडा आलोचना गरेको छ । महासंघले आफ्नो आधिकारिक वक्तव्यमार्फत् अमेरिकी कदमलाई खेलभावनाविपरीत, पूर्ण रूपमा राजनीतिक प्रेरित तथा अन्तर्राष्ट्रिय खेलकुद कानुनको मर्मविपरीत भएको जनाएको छ ।



महासंघका अनुसार राष्ट्रिय टोलीसँग सम्बन्धित व्यवस्थापकीय, प्राविधिक, प्रशासनिक तथा सहयोगी कर्मचारीहरू प्रतियोगिताको तयारीका लागि अत्यावश्यक रहेकाले भिसा उपलब्ध गराउनु आवश्यक छ ।

इरानले यस विषयलाई अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) समक्ष पनि उठाएको जनाएको छ । महासंघले प्रतियोगितामा सहभागी टोलीका आवश्यक अधिकारीहरूको भिसा सुनिश्चित गराउने जिम्मेवारी फिफाको समेत रहेको उल्लेख गरेको छ । इरानी फुटबल महासंघले आयोजक राष्ट्रको यो कदमलाई विभेदपूर्ण र लक्षित व्यवहारको संज्ञा दिएको छ। महासंघका अनुसार यस्तो निर्णयले प्रतियोगितामा सहभागी राष्ट्रहरूका लागि समान र निष्पक्ष वातावरणको सिद्धान्तमाथि प्रश्न उठाएको छ र खेलकुद क्षेत्रमा राजनीतिक हस्तक्षेपको उदाहरण प्रस्तुत गरेको छ ।

यद्यपि, अमेरिकाले इरानी राष्ट्रिय टोलीका खेलाडीहरूका लागि आवश्यक भिसा प्रक्रिया सम्पन्न भएको जनाएको छ । टर्कीएस्थित अमेरिकी राजदूतले सामाजिक सञ्जालमार्फत् इरानी राष्ट्रिय फुटबल टोलीका सदस्यहरूको भिसा प्रक्रिया सम्पन्न गर्न अमेरिकी दूतावासले गरेको कार्यको प्रशंसा गर्दै खेलकुदले सिमाना नाघेर विश्वलाई जोड्ने माध्यम भएको उल्लेख गरेका छन् । उनले विश्वभरबाट आउने खेलाडी तथा समर्थकहरूलाई स्वागत गर्न अमेरिका उत्साहित रहेको पनि बताए ।

इरानी सञ्चारमाध्यमहरूका अनुसार भिसा नपाउने व्यक्तिहरूमा इरान फुटबल महासंघका अध्यक्ष, राष्ट्रिय टोलीका कार्यकारी निर्देशक, महासंघका महासचिव तथा टोलीका सञ्चार निर्देशक रहेका छन् । उनीहरू टोलीको प्रशासनिक तथा व्यवस्थापकीय जिम्मेवारीमा संलग्न प्रमुख अधिकारीहरू मानिन्छन् ।

सन् २०२६ को विश्वकप अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्दै छन् । प्रतियोगिता जुन ११ देखि जुलाई १९ सम्म सञ्चालन हुनेछ । इरान समूह 'जी' मा परेको छ र उसले जुन १५ मा लस एन्जलसमा न्युजिल्यान्डविरुद्ध पहिलो खेल खेल्ने तालिका छ । त्यसपछि जुन २१ मा बेल्जियमसँग सोही मैदानमा प्रतिस्पर्धा गर्नेछ भने समूह चरणको अन्तिम खेल जुन २६ मा सियाटलमा इजिप्टविरुद्ध खेल्ने खेल तालिका रहेको छ ।

विश्वकपको तयारी तीव्र भइरहेका बेला देखिएको यो भिसा विवादले खेलकुद र कूटनीतिक सम्बन्धबीचको संवेदनशील सम्बन्धलाई पुनः चर्चामा ल्याएको छ । इरानले यस विषयमा अन्तर्राष्ट्रिय खेलकुद निकायहरूको गम्भीर ध्यानाकर्षण गराउँदै त्यसको समाधान खोज्न पनि आग्रह गरेको छ ।

*साभार: सौर्य अनलाइन*

## कलाकारको नाम र स्टारडमले मात्र फिल्म चन्दैन

काठमाडौं/वरिष्ठ अभिनेत्री गौरी मल्लले नेपाली चलचित्रको सफलता कुनै कलाकारको नाम वा स्टारडमले मात्र नभई कथावस्तु र कलाकारिताले निर्धारण गर्ने बताएकी छन् । काठमाडौंमा जारी काठमाडौं कलिङ साहित्य महोत्सव अन्तर्गत 'सिनेमा : हिजो, आज र भोलि' विषयक छलफलमा बोल्दै उनले फिल्म राम्रो हुन कथा राम्रो हुनुपर्नेमा जोड दिइन् ।

'कुनै कलाकारको अनुहार वा नामका आधारमा मात्रै सिनेमा चलेको छैन । हिजो पनि विषय वस्तु नै बोल्थ्यो, आज पनि बोल्छ र भोलि पनि बोल्ने त्यही हो' उनले भनिन् ।

चलचित्र क्षेत्रमा चार दशकभन्दा बढी समय बिताएकी मल्लले आफ्नो सुरुवाती यात्रा सम्झँदै पहिले पनि कलाकारसँग औपचारिक सम्झौता हुने गरेको तर बीमाको व्यवस्था नभएको बताइन्। अहिले भने बीमा अनिवार्य भइसकेको उनको भनाइ थियो ।

उनले आफ्नो समयलाई नेपाली चलचित्रको 'स्वर्ण युग' को संज्ञा दिँदै त्यसबेला दर्शक र कलाकारबीच गहिरो सम्बन्ध रहेको स्मरण गरिन् । 'हामीलाई दर्शकले घरमा बोलाएर दही, मोही र गुन्द्रुकसम्म उपहार दिनुहुन्थ्यो । अहिले त्यो आत्मीयता कम हुँदै गएको छ,' उनले भनिन् ।

कार्यक्रममा अभिनेता बुद्धि तामाङले नेपाली चलचित्रमा चरित्र कलाकारहरूको भूमिका र पहिचान विस्तार हुँदै गएको बताए । पहिले चलचित्र केही सीमित पात्र वरिपरि केन्द्रित हुने गरे पनि अहिले कथाले विभिन्न पात्रलाई समान अवसर दिन थालेको बताए ।

अभिनेत्री रेणुनाथ योगीले नेपाली चलचित्रमा महिलाका पात्रको प्रस्तुतीकरणमा सुधार भए पनि महिला मनोविज्ञानलाई अझ गहिराइमा बुझेर कथा लेखिनुपर्ने आवश्यकता औंल्याइन् ।

उनले थपिन्, 'महिला पात्रहरू अहिले पहिलेभन्दा बढी केन्द्रमा आएका छन् । तर महिला मनोविज्ञानको वास्तविक गहिराइ अझै पर्याप्तरूपमा कथामा समेटिएको देखिदैन ।'

# पर्दामा परिपक्व भूमिका निभाउन खोज्ने रेनु





काठमाडौं/अभिनेत्री रेनुनाथ योगी यतिबेला दंग छिन् । यसको कारण हो हालै प्रदर्शनमा आएको फिल्म 'रोल नम्बर १' । फिल्मले व्यवसाय त राम्रै गरिरहेको छ नै, यसभन्दा राम्रो छ दर्शकको प्रतिक्रिया ।

जेठ १५ देखि देशव्यापी प्रदर्शनमा आएको 'रोल नम्बर १' बाल मनोविज्ञानमा आधारित फिल्म हो । यसमा मुख्य भूमिका निर्वाह गरेकी रेनु त्यसयता हल भिजिट गरिरहेकी छन् । आइतबार उनी पोखरा पुगेर त्यहाँका दर्शकको प्रतिक्रिया लिइन् ।

'दर्शकहरूको प्रतिक्रिया सुन्दा फिल्मको कथाको मर्म दर्शकको मनसम्म पुगेको पुष्टि गर्छ,' सञ्चार कर्मीसँग रेनुले भनिन् । फिल्मको वर्ड अफ माउथ निकै राम्रो रहेको उनी बताउँछिन् ।

'दर्शकहरूले फिल्मको यथार्थ कथालाई मन पराउनुभएको छ । यदि फिल्मको कथा काल्पनिक भएको भए दर्शकले यसलाई आफ्नो कथा मान्नु हुने थिएन,' रेनु भन्छिन्, 'हाम्रो शिक्षा प्रणाली कस्तो छ र यसले बालबालिकामा कस्तो प्रभाव पार्छ भन्ने कथा फिल्ममा छ ।'

फिल्म हेरेपछि हरेक अभिभावकलाई महसुस गराउँछ- हामीले कतै शैक्षिक प्रमाणपत्रको मात्रै पछि लागेर आफ्ना बच्चामाथि गल्ती त गरिरहेका छैनौं ? फिल्मको कथा सरल र सहज तरिकाले बगेका कारण पनि दर्शकले यसमा अपनत्व महसुस गर्ने उनी बताउँछिन् ।

रेनुलाई लागेको छ, 'रोल नम्बर १' ले नेपाली फिल्म बजारमा फरक तरङ्ग ल्याएको छ । नेपाली फिल्म हेर्न बिरलै जाने दर्शकलाई पनि यो फिल्मले हलसम्म डोऱ्याइरहेको छ । हल भिजिटका क्रममा रेनुले ट्रेलरबाट प्रभावित भएर पहिलोपटक नेपाली फिल्म हेर्न आएका दर्शक समेत भेटिन् । 'हामीले विद्यालयहरूमा पुगेर पनि फिल्मको प्रचार गरेका थियौं,' रेनु सुनाउँछिन्, 'त्यसले गर्दा विद्यार्थी र युवापुस्ता ठुलो सङ्ख्यामा हलमा आए ।' पाँचजना बालकलाकारको अभिनय र फरक प्रस्तुतिले पनि फिल्मप्रति दर्शक आकर्षित भएको उनी बताउँछिन् ।

फिल्ममा रेनुले आमाको भूमिका निर्वाह गरेकी छिन् । कथा र चरित्र सुन्दा नै उनी यो भूमिकाप्रति आकर्षित भइन् । एउटा गम्भीर र मानसिकरूपमा आहत भएको पात्रलाई पर्दामा उतार्न रेनुले निकै मेहनत गर्नु परेको उनी सुनाउछिन् । यसको पहिलो जस उनी फिल्मका लेखकलाई दिन्छिन् । बलियो र तिखो लेखनले नै कलाकारलाई आफ्नो अभिनय निखार्न मद्दत गर्ने उनको बुझाइ छ । त्यसपछि उनले डकुमेन्ट्रीहरू हेरेकी थिइन् ।

'मेरो पात्र एउटा ठुलो मानशिक आघात र शोकमा बाँचेको पात्र हो । यस्तो अवस्थामा महिलाको मनोविज्ञान कस्तो हुन्छ भन्ने बुझ्न मैले मनोपरामर्शदाता (काउन्सिलर) सँग पनि परामर्श लिएँ', रेनु सुनाउँछिन्, 'आघातका विभिन्न चरण बुझेर मैले आफ्नो चरित्रलाई पर्दामा ढाल्ने कोसिस गरें ।' समाजमा आमा र बुबाको मनोविज्ञान फरक हुने रेनुको अनुभव छ । 'बुबाहरू प्रायः व्यावहारिक र अलि प्राविधिक सोच राख्छन् । बाहिरी संसार देखेका हुनाले उनीहरू सन्तानले दुःख नपाओस् भनेर बढी प्रेसर दिने गर्छन् । तर आमा स्नेह र ममताको प्रतीक हुन् । उनीहरू सन्तानको व्यक्तिगत खुसी र मानसिक शान्तिलाई बढी जोड दिन्छन्,' उनको बुझाइ छ ।

**थिएटरले बनायो परिपक्व :**

रेनुले फिल्म 'प्रकाश'बाट अभिनयमा डेब्यु गरेकी हुन् । 'रोल नम्बर १' सम्म आइपुग्दा गम्भीर, आमा वा श्रीमती जस्ता परिपक्व भूमिका नै गरेकी छन् । धेरैले उनलाई यो उमेरमा रोमान्टिक फिल्महरू रोज्नुपर्ने सुझाव दिन्छन् । तर रेनुको सोचाइ फरक छ, जसको मुख्य कारण उनको थिएटर पृष्ठभूमि हो । उनी सन् २०१५ बाट थिएटरमा जोडिएकी हुन् ।

'थिएटरले मलाई अभिनयलाई फरक दृष्टिकोणबाट हेर्न सिकायो । त्यहाँ उमेर, रूप वा रङभन्दा पनि पात्रको अभिनय र गहिराइलाई बढी महत्व दिइन्छ', उनी भन्छिन्, 'थिएटरका साथीहरूको सिफारिसमा नै मैले फिल्म क्षेत्रमा पाइला टेकेकी हुँ ।'

भारतको नैनीतालमा रामलीला र स्थानीय नाटकहरूमा दाजु-दिदीहरूले गरेको अभिनय हेर्दै उनी हुर्किइन् । सानैदेखि नृत्यमा रुचि भएकी उनमा त्यही कारण अभिनयको भोक जागेको थियो । थिएटरले भने उनको जीवनको बाटो नै मोडिदियो । यद्यपि, उनी आफूलाई कुनै सीमामा बाँध्न चाहन्नन् ।

'म अझै सिक्दैछु र म युवा नै छु । सुरुमा काम गम्भीर भएकाले मानिसहरूलाई मैले यस्तै भूमिका मात्र गर्छु भन्ने लागेको हुन सक्छ', उनी सुनाउँछिन्, 'तर म मुस्ताङको चिसोमा सिफनको साडी उडाएर रोमान्टिक भूमिका गर्न पनि उत्तिकै तयार छु ।' रेनु एकपछि अर्को फिल्म यात्रालाई आफ्नो सिकाइको एउटा निरन्तर प्रक्रियाका रूपमा लिन्छिन् ।

'प्रकाश' को तुलनामा अहिले आफूमा बुझाइ र अभिनयका हिसाबले केही परिपक्वता आएको उनले महसुस गरेकी छन् । 'मेरो लागि अभिनय एउटा काम हो, प्रयास गर्नुपर्छ,' वा प्रचारभन्दा मलाई निरन्तर राम्रा कथाहरू भन्न मन लागेको छ ।

*साभार: नयाँ युगबोध*

# प्रधानमन्त्री 'अत्यधिक सक्रिय', मन्त्रीहरु गुमनाम




काठमाडौं/सुशासन, पारदर्शिता र परिणाममुखी शासनको ठूलो आशा बोकेर आएको वर्तमान सरकारसँग जनताको अपेक्षा सानो थिएन। विशेषतः प्रधानमन्त्री बालेन्द्र शाहप्रति युवादेखि कर्मचारीतन्त्रसम्मको भरोसा असाधारण थियो र छ। तर, पछिल्ला दिनमा सरकारको प्राथमिकता र ऊर्जा कुन दिशामा खर्च भइरहेको छ भन्ने प्रश्न गम्भीर रुपमा उठ्न थालेपछि प्रधानमन्त्रीमाथिको आशामा कतै ग्रहण त लाग्दैन भन्ने चिन्ता व्यक्त हुन थालेको छ ।

एक सचिवले गरेको एसएमएसलाई लिएर प्रधानमन्त्री स्वयम् मध्यरातमा व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत हुनु, त्यसलाई सामाजिक सञ्जालमा विषय बनाइनु, यसमा आफ्नै मन्त्री, सल्लाहकार तथा सांसद्को टिम परिचालन गर्नु र त्यसअघि प्रहरी संयन्त्रसम्म प्रयोग भएको घटनालाई धेरै पूर्वप्रशासक, कर्मचारी र नीति विश्लेषकहरुले अनावश्यक अतिरञ्जनाका रुपमा व्याख्या गर्न थालेका छन् ।

प्रश्न यहाँ छ कि सचिव कृष्णहरि पुष्करले गरेको व्यवहार सही थियो कि गलत भन्नेमात्र होइन। यदि कुनै सचिवले पदको मर्यादाविपरीत व्यक्तिगत् आग्रह राखेका थिए भने त्यसको स्पष्ट प्रशासनिक उपचार थियो–मुख्य सचिवमार्फत् स्पष्टीकरण, छानबिन र आवश्यक कारबाही । तर, राज्यको सम्पूर्ण शक्ति एउटा सचिवमाथि खन्याइँदा त्यसले कर्मचारीतन्त्रमा भय, अविश्वास र अपमानको मनोविज्ञान सिर्जना गरेको टिप्पणी प्रशासनिकवृत्तमा व्यापक छ । एक पूर्वमुख्यसचिवको शब्दमा 'प्रधानमन्त्रीले सचिवमाथि असन्तुष्टि राख्न पाउनुहुन्छ । तर, त्यसको वैधानिक र प्रशासनिक बाटो हुन्छ। प्रहरी प्रयोग गरेर सचिवलाई केरकारको तहमा पुऱ्याउनु भनेको सिंगो कर्मचारी संयन्त्रमाथिको विश्वास कमजोर पार्नु हो ।

उनका अनुसार सचिवको व्यवहार गलत भए पनि त्यसपछि सरकारले लिएको कदम 'त्यसभन्दा धेरै ठूलो गल्ती' का रुपमा कर्मचारीतन्त्रले बुझेको छ। प्रधानमन्त्रीज्यु, देश सचिवको एसएमएसले होइन–मन्त्रीहरुको निष्क्रियताले बिग्रिरहेको छ। यतिबेला देशमा समस्या एउटा सचिवको म्यासेज होइन।

समस्या त जनताको चुल्होमा आगो बल्न कठिन हुनु हो। समस्या त अस्पताल पुग्दा बिरामीले बेड नपाउनु हो। समस्या त सिटामोल र जीवनजल नपाएर विकट गाउँमा मानिस छट्पटिनु हो । समस्या त बेरोजगारीले लाखौं युवालाई विदेशिन बाध्य पार्नु हो। समस्या त शिक्षाक्षेत्र 'सेवा' होइन, खुला व्यापारमा रुपान्तरण हुनु हो ।

हाल ११ कक्षाको भर्ना चलिरहेको छ । निजी विद्यालय र कलेजहरुले अभिभावकमाथि शुल्कको आतंक मच्चाइरहेका छन् । कतै एड्मिसन प्याकेज, कतै अनिवार्य ड्रेस, कतै बुकसेट, कतै प्रोजेक्ट फिको नाममा खुला लुट भइरहेको छ । शिक्षा मन्त्रालय कहाँ छ ? अनुगमन कहाँ छ ? मन्त्रीहरु किन मौन छन् ? स्वास्थ्य क्षेत्रमा अवस्था झन् भयावह छ। सरकारी अस्पतालमा उपचारका लागि लाइनमा बसेका नागरिकले घण्टौं कुर्नुपर्छ ।

निजी अस्पतालमा सामान्य परीक्षणमै हजारौं रुपियाँ असुल भइरहेको छ । औषधिको मूल्य नियन्त्रण छैन। बिरामीको पीडाभन्दा अस्पतालको बिल ठूलो भएको छ । प्रधानमन्त्रीज्यु, जनताले तपाईंको फेसबुक स्टाटसमा कुनै सचिवमाथि गरिएको व्यङ्ग्य होइन, कुन अस्पतालमा सुधार भयो ? कुन विद्यालयमा शुल्क नियन्त्रण गरियो ? कुन मन्त्रालयले भ्रष्टाचार रोकेको छ ? कुन युवाले रोजगारी पाए ? कुन गाउँमा औषधि पुगे ? यी उत्तर खोजिरहेका छन्।

*मन्त्रीहरु किन गुमनाम ?*

सरकारको सबभन्दा ठूलो विडम्बना यही देखिन्छ–प्रधानमन्त्री 'अत्यधिक सक्रिय' देखिन्छन् । तर, अधिकांश मन्त्रीहरु गुमनामजस्तै छन्। कार्यविभाजन नियमावलीअनुसार हरेक मन्त्रालयसँग कम्तिमा २५–३० वटा स्पष्ट जिम्मेवारी छन् । प्रधानमन्त्री स्वयम्ले चैत्र १३ गते सार्वजनिक गरेको शासकीय सुधारका १ सय कार्यसूची पनि मन्त्रालयहरुलाई समयसीमासहित जिम्मेवारी बाँडिएको महत्वाकांक्षी दस्तावेज थियो ।

तर, प्रश्न उठिरहेको छ–कति मन्त्रालयले ती काम पूरा गरे ? कति मन्त्रीको कार्यसम्पादन मूल्यांकन भयो ? कुन मन्त्रालय असफल भयो ? कसलाई जवाफदेही बनाइयो ? यी विषयमा प्रधानमन्त्री कार्यालयले कठोर अनुगमन गर्नुपर्ने बेला सरकारको ऊर्जा एउटा सचिवमाथि केन्द्रित भएको देखिँदा धेरै कर्मचारी र विश्लेषक अचम्मित छन् ।

*सचिवलाई होइन, मन्त्रीलाई कठघरामा उभ्याउनुस्*

प्रधानमन्त्रीज्यु, यदि सुशासन साँच्चै स्थापित गर्ने हो भने सचिवलाई सार्वजनिकरुपमा व्यङ्ग्य गरेर होइन, आफ्नै मन्त्रीलाई नतिजामुखी बनाउनुपर्छ । जनता हेर्न चाहिरहेका छन्, काम नगर्ने मन्त्री हटाइयो कि हटाइएन ? अक्षम मन्त्रालयलाई सच्याइयो कि सच्याइएन ? माफियासँग जोडिएका संयन्त्र तोडिए कि तोडिएनन् ? एउटा सामान्य सचिवलाई तारो बनाएर राज्य संयन्त्रमा त्रास फैलाउनु सुशासन होइन। सुशासन त त्यतिबेला देखिन्छ, जब प्रधानमन्त्रीले आफ्नै टिममाथि कठोर मापदण्ड लागु गर्छन् ।

*कर्मचारीको मनोबल तोडेर सुधार असम्भव*

राज्यसञ्चालनको स्थायी संयन्त्र भनेको कर्मचारीतन्त्र हो । सरकार आउँछन्, जान्छन् । तर, प्रशासनिक संयन्त्रले नै राज्यलाई निरन्तरता दिन्छ । त्यसैले कर्मचारीको गल्तीमा कारबाही आवश्यक भए पनि त्यसलाई विधि, प्रक्रिया र मर्यादाभित्र गर्नुपर्छ ।

हाल धेरै कर्मचारीभित्र एउटा भय बढेको छ–कुनै सामान्य विषय पनि राजनीतिक प्रदर्शनको साधन बन्न सक्छ । यस्तो मनोविज्ञानले प्रशासनिक निर्णय क्षमतामै असर पार्न सक्छ। प्रधानमन्त्रीज्यु, देश बनाउने अभियानमा लाग्नुस्, सानोतिना विवादमा अल्झिएर कर्मचारीको मनोबल गिराउने होइन, मन्त्रीहरुको कार्यक्षमता बढाउने अभियान चलाउनुस्।

जनताले तपाईंलाई एउटा सचिवसँगको द्वन्द्वका लागि होइन, देशको दिशा बदल्ने नेतृत्वका रुपमा रोजेका हुन्। इतिहासमा नाम त्यही प्रधानमन्त्रीको लेखिन्छ,

जसले मन्त्रीलाई काम गरायो, जनताको पीडा कम गऱ्यो र राज्यसंयन्त्रलाई परिणाममुखी बनायो, न कि सामाजिकसञ्जालमा सचिवमाथि व्यङ्ग्य गरेर चर्चामा आएको नेतृत्वको।

# गाउँमै दूध संकलन केन्द्रले बढायो आम्दानी

दाङ/दाङको राप्तीनदी दक्षिण क्षेत्रका दुग्ध उत्पादक किसानका लागि दूध बिक्री समस्या अन्त्य भएको छ । गाउँमै दूध संकलन तथा बिक्री केन्द्र सञ्चालनमा आएपछि किसानले उत्पादन गरेको दूध सहजरुपमा बिक्री गर्न पाएका छन् भने आम्दानीसमेत वृद्धि भएको हो ।

राजपुर गाउँपालिका-३, खरदरियाका किसान परिक्रमाप्रसाद यादव विगतदेखि भैंसीपालन व्यवसायमा संलग्न छन्। तर, गाउँमा दूध बिक्री गर्ने उचित व्यवस्था नहुँदा उनी लमही, भालुबाङलगायत बजार धाउन बाध्य थिए । हाल गढवा गाउँपालिकामै दूध संकलन केन्द्र स्थापना भएपछि उक्त समस्या हटेको उनी बताउँछन् । उनका अनुसार गाउँमै केन्द्र सञ्चालनमा आएपछि दूध बिक्री गर्न सहज हुनुका साथै फ्याटका आधारमा मूल्य निर्धारण हुन थालेपछि आम्दानी समेत बढेको छ ।

'पहिले घरघरमा पुगेर दूध र दही बिक्री गर्नुपर्थ्यो। समय पनि धेरै खर्च हुन्थ्यो र आम्दानी पनि त्यति प्रभावकारी थिएन,' यादबले भने-हाल गाउँमै दूध बिक्री गर्न पाइँदा समयको बचत भएको छ भने आम्दानी पनि बढेको छ । दैनिक २० देखि २५ लिटर दूध बिक्री गर्दै आएका यादबले मासिकरुपमा एकमुष्ट भुक्तानी प्राप्त हुने भएकाले बचत गर्नसमेत सहज भएको बताए । उनका अनुसार पहिले बजारसम्म दूध पुऱ्याउन यातायात तथा अन्य खर्च लाग्ने भएकाले आम्दानीको ठूलो हिस्सा खर्चमै जाने गर्दथ्यो ।

गढवा गाउँपालिका-३, चयनपुरका नारायण पुरी पनि दूध संकलन केन्द्रबाट लाभान्वित हुने किसानमध्ये एक हुन् । विगत तीन वर्षदेखि व्यावसायिकरुपमा गाई तथा भैंसीपालन गर्दै आएका उनले पहिले दूध बिक्रीका लागि लमहीसम्म पुग्नुपर्ने बाध्यता रहेको बताए। 'दूध बिक्रीका लागि टाढासम्म जानुपर्दा समय र पैसा दुवै खर्च हुन्थ्यो,' उनले भने-हाल गाउँमै दूध बिक्री हुन थालेपछि समस्या हटेको छ ।

पुरीका अनुसार राप्तीनदी दक्षिण क्षेत्रमा दूध संकलन केन्द्र अभावका कारण किसानले उत्पादन गरेको दूध बजारसम्म पुऱ्याउन कठिनाइ भोग्दै आएका थिए । हाल भने किसानले उत्पादन गरेको दूध बिक्री गर्न कुनै समस्या नरहेको उनले बताए। गढवा गाउँपालिका-६, मतपुर निवासी किसान हेमन्त रावतले पनि दूध संकलन केन्द्र सञ्चालनमा आएपछि उत्पादन गरेको सम्पूर्ण दूध बिक्री हुने वातावरण बनेको बताए। 'हाल जति उत्पादन गरे पनि बिक्री हुने सुनिश्चितता छ,' उनले भने-यसले किसानलाई उत्पादन बढाउन थप हौसला दिएको छ ।


गढवा तथा राजपुर क्षेत्रका किसानको अनुभवले दूध संकलन केन्द्रको आवश्यकता र प्रभावकारिता स्पष्ट पारेको छ। गढवा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास साझेदारी परियोजनाअन्तर्गत् गाउँपालिकाको सहयोगमा गढवा सामाजिक महिला उद्यमी सहकारी संस्थाले सञ्चालनमा ल्याएको दूध संकलन तथा बिक्री केन्द्रले उक्त क्षेत्रमा दुग्ध व्यवसायलाई थप व्यवस्थित बनाएको छ। परियोजना संयोजक वसन्तराज शर्माका अनुसार केन्द्रमार्फत् दैनिक चार सयभन्दा बढी किसानले करिब आठ सय लिटर दूध बिक्री गर्दै आएका छन्। संकलन गरिएको दूध गढवा सामाजिक महिला उद्यमी सहकारी संस्थामार्फत् रुपन्देहीको तिलोत्तमास्थित विशिष्टीकृत सहकारी संस्थामा पठाइने गरिएको छ । संयोजक शर्माले गढवा गाउँपालिकाका विभिन्न क्षेत्रमा एक हजार दुई सय किसानले तीन हजार छ सय ६५ वटा भैंसीपालन गरिरहेको जानकारी दिए। उनले दूध उत्पादनलाई व्यावसायिक र दीगो बनाउन बजार व्यवस्थापन महत्वपूर्ण पक्ष रहेको उल्लेख गरे ।

गढवा गाउँपालिकाका कृषि विकास अधिकृत कर्ताराम यादबका अनुसार संकलन केन्द्रले दूधको गुणस्तर परीक्षण गरी सरकारद्वारा निर्धारित मापदण्डअनुसार मूल्य निर्धारण गर्दै आएको छ । केन्द्र स्थापना हुनुअघि किसानले प्रतिलिटर करिब ६० रुपियाँमात्र पाउने गरेका थिए। तर, हाल दूधको गुणस्तर र फ्याटका आधारमा प्रतिलिटर ८३ देखि एक सय २१ रुपियाँसम्म मूल्य प्राप्त गर्न थालेका छन् । उनका अनुसार केन्द्र सञ्चालनमा आएपछि किसानले उत्पादनको सुनिश्चित बजार पाउनुका साथै उचित मूल्यसमेत प्राप्त गर्न थालेका छन् ।









आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईंको मुल्यमा पाउनु हुनेछ। स्थानः रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

# ६ करोड बढीको सिमेन्ट बोराको अभावमा नास हुँदै




सन्देश संवाददाता

हेटौंडा/जापान सरकारको सहयोगमा २०४४ सालमा स्थापना भएर २०४९ सालदेखि उत्पादन सुरु गरेको दक्षिण एसियाकै ठूलो र उत्कृष्ट सिमेन्टका रुपमा रहेको गैडा छाप सिमेन्ट अहिले बोरा अभावमा प्याकिङ गर्न नसक्दा ६ करोड ३५ लाख ५० हजार बराबरको सिमेन्ट नास भएर जाने अवस्थामा पुगेको छ।

देशभर निर्माण सामग्रीको मूल्य दिनप्रतिदिन बढिरहेको बेला राज्यकै स्वामित्वमा रहेको उदयपुर सिमेन्ट उद्योग भने चरम आर्थिक संकटमा फसेको छ । सरकारी उदासीनता र व्यवस्थापकीय लापरवाहीका कारण धराशायी बन्दै गएको बताइएको छ।

उत्पादन भइसकेको सिमेन्ट समेत सामान्य प्याकिङ बोरा अभावमा बजार पठाउन नसक्ने अवस्था सिर्जना भएपछि उद्योगभित्र करिब साढे ६ करोड मूल्य भन्दामाथि रुपैयाँ बराबरको सिमेन्ट अलपत्र अवस्थामा थन्किएको छ । देशकै गौरवको औद्योगिक प्रतिष्ठानका रूपमा चिनिने उदयपुर सिमेन्ट (गैंडा छाप सिमेन्ट) उद्योग अहिले आर्थिक संकट, कर्मचारी आन्दोलन र व्यवस्थापनको अकर्मण्यताले थला परेको छ।

उत्पादन भएर तयार भएको सिमेन्ट गोदाममै थन्किँदै जाँदा उद्योगले करोडौँको आम्दानी गुमाइरहेको छ भने अर्कोतर्फ राज्यले सञ्चालन गरेको उद्योगको अस्तित्व माथि नै प्रश्न उठ्न थालेको छ।

गत माघ महिनासम्म उद्योग आंशिक रूपमा सञ्चालन हुँदै बन्द हुँदै आएको भए पनि त्यसयता उद्योग पूर्णरूपमा ठप्प छ। उद्योग भित्र मौज्दात रहेको क्लिन्कर पिसेर उत्पादन गरिएको सिमेन्टसमेत प्याकिङ अभावमा भकारीमै थन्किएर बस्न बाध्य भएको छ । उद्योगले उत्पादन गरिसकेको सामग्री बिक्री गर्न नसक्दा आर्थिक संकट झन् गहिरिँदै गएको उद्योग स्रोतको भनाइ छ । उद्योगको सिमेन्ट उत्पादन विभागका अनुसार हाल उद्योग परिसरमा करिब ८२ हजार बोरा बराबरको सिमेन्ट विभिन्न अवस्थामा मौज्दात रहेकामा त्यसमध्ये करिब ५० हजार बोरा तयारी सिमेन्ट भकारीमै थन्किएको छ ।

थप २७ हजार बोरा उत्पादन गर्न पुग्ने किलिंकर मौज्दात अवस्थामा रहेको बताइएको छ । यता प्याकिङ हाउसमा छरिएर, पोखिएर र समयमै व्यवस्थापन हुन नसक्दा झण्डै ५ हजार बोरा बराबरको सिमेन्ट पूर्णरूपमा प्रयोगविहीन बनेको छ ।

उद्योगभित्रको लापरवाहीकै कारण उत्पादन गरिएको सामग्री नष्ट हुन थालेपछि कर्मचारीहरूसमेत आक्रोशित बनेका छन् । उद्योगका सिमेन्ट उत्पादन विभाग प्रमुख नगेन्द्रप्रसाद देवले उत्पादन भएको सिमेन्ट समयमै प्याक गरेर बजार पठाउन पटक-पटक उद्योग प्रशासनलाई आग्रह गरिए पनि कुनै सुनुवाइ नभएको गुनासो गरे। उनका अनुसार अहिले देखिएको क्षति प्राविधिक कमजोरी नभई प्रत्यक्षरूपमा व्यवस्थापकीय असफलताको परिणाम हो । "हामीले धेरै पटक बोरा व्यवस्थापन गर्न आग्रह गर्‍यौं, तर कसैले गम्भीरतापूर्वक चासो दिएन," उनले भने, "प्याकिङ हाउसमा छरिएको सिमेन्ट अहिले नष्ट भइसकेको छ ।

उत्पादन भएर तयार भएको सिमेन्ट गोदाममै कुहिने अवस्थामा पुग्नु उद्योगका लागि मात्रै होइन, राज्यकै लागि लज्जास्पद अवस्था हो ।" उद्योग प्रशासन प्रमुख गम्भिर जङ खत्रीका अनुसार प्रतिबोरा ७ सय ७५ रुपैयाँका दरले हिसाब गर्दा हाल थन्किएर बसेको सिमेन्टको मूल्य करिब ६ करोड ३५ लाख ५० हजार रुपैयाँ पुग्छ। उहाँका अनुसार उद्योगसँग प्याकिङका लागि आवश्यक बोरा खरिद गर्ने रकम समेत नभएकाले उत्पादित सिमेन्ट बजार पठाउन नसकिएको हो ।

राज्यमा पछिल्लो समय पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिका कारण सिमेन्ट प्याकिङ गर्ने बोराको मूल्य समेत वृद्धि भैसकेको छ। "उद्योग प्राविधिक कारणले बन्द भएको होइन, अहिले पनि सञ्चालन गर्न सकिन्छ," खत्रीले भने, "तर मर्मतका लागि आवश्यक बजेट नै छैन, उत्पादित सिमेन्ट प्याकिङ्ग गरेर बेच्न बोरा किन्ने पैसासमेत छैन जसका कारण उत्पादन भएको सिमेन्ट बेच्न नसक्ने अवस्था सिर्जना भएको छ।" उद्योग स्रोतका अनुसार लामो समयदेखि आर्थिक संकटमा फसेको उद्योगमा कच्चा पदार्थ व्यवस्थापन, मेसिन मर्मत, विद्युत् भुक्तानी र कर्मचारी व्यवस्थापन सम्म गम्भीर समस्या देखिएको छ।

राज्य सञ्चालित उद्योगहरू कसरी राजनीतिक हस्तक्षेप, कमजोर व्यवस्थापन र सरकारी बेवास्ताका कारण संकटमा पर्दै गएका छन् भन्ने ज्वलन्त उदाहरणका रूपमा अहिले उदयपुर सिमेन्ट उद्योगलाई हेरिन थालेको छ। हाल उद्योगमा १ सय ७७ जना कर्मचारी तथा मजदुर र हायर गरिएका ५९ जना सेक्युरिटी गार्ड कार्यरत छन् । उनीहरूको मासिक तलबभत्ता मात्रै एक करोड रुपैयाँभन्दा बढी पुग्ने गरेको बताइएको छ।

तर कर्मचारीहरूले करिब १५ महिनादेखिको तलबभत्ता नपाएको भन्दै गुनासो गर्दै आएका छन् । दैनिक जीवन धान्नै कठिन भएपछि कर्मचारी तथा मजदुरहरू उद्योगको मूल गेटमै धर्ना, प्रदर्शन र आन्दोलनमा उत्रिएका छन् ।

श्रमिक आन्दोलन, उत्पादन अवरोध र आर्थिक संकटका कारण उद्योगको अवस्था दिनप्रतिदिन जटिल बन्दै गएको छ । सरकारले पटक-पटक उद्योग पुनः सञ्चालन, आधुनिकीकरण र सुधारको आश्वासन दिए पनि व्यवहारमा कुनै ठोस पहल नगरेको आरोप उद्योग भित्रैबाट उठ्न थालेको छ। करोडौं रुपैयाँ बराबरको सिमेन्ट गोदाममै थन्किरहँदा सम्बन्धित निकाय भने मौन बसेको भन्दै सरकारमाथि गम्भीर प्रश्न उठेको छ।

# पालिकामा आठौं फुटसल रनिङशिल्ड

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरगढी गाउँपालिकामा पालिकास्तरीय आठौं संस्करणको फुटसल रनिङशिल्ड प्रतियोगिता हुने भएको छ । प्रतियोगिताबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा आयोजकले प्रतियोगिता जेठ ३१ गतेदेखि असार २ गतेसम्म सञ्चालन हुने जनाएको छ।

प्रतियोगिताका खेलहरु मकवानपुरगढी गाउँपालिका-३, मक्राञ्चुलीस्थित भानु माध्यमिक विद्यालयको फुटसल मिनीपिचमा सञ्चालन गरिनेछन्। स्थानीयस्तरमा खेलकुदको विकास, युवाहरुमा खेलप्रति रुचि अभिवृद्धि तथा प्रतिभावान खेलाडी पहिचान गर्ने उद्धेश्यले प्रतियोगिता आयोजना गर्न लागिएको आयोजकको भनाइ छ।

आयोजकका अनुसार प्रतियोगितामा गाउँपालिकाका आठ वटै वडाबाट १६ टोलीको सहभागिता रहने अपेक्षा गरिएको छ । प्रतियोगितामा सहभागी हुने टोलीका लागि प्रतिटोली ५ हजार प्रवेश शुल्क निर्धारण गरिएको छ। प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने टोलीलाई आकर्षक नगद पुरस्कारको व्यवस्था गरिएको छ । विजेता टोलीले ७५ हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टोलीलाई ५० हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ ।

प्रतियोगिता सञ्चालनका लागि करिब ५ लाख खर्च लाग्ने अनुमान गरिएको आयोजकले जनाएको छ। प्रतियोगिताका लागि मकवानपुरगढी गाउँपालिका वडा नम्बर-३ कार्यालयले २ लाख ९० हजार बजेट विनियोजन गरेको छ भने बाँकी रकम विभिन्न संघसंस्था, व्यवसायी तथा शुभेच्छुकहरुको सहयोगबाट जुटाइने जनाइएको छ।

पत्रकार सम्मेलनमा फुटसल रनिङशिल्ड प्रतियोगिता खेलकुद समिति अनुगमन समिति संयोजक विजय लामाथोकरले प्रतियोगिता सम्बन्धि जानकारी दिँदै खेलकुदमार्फत् युवालाई सकारात्मक र सिर्जनशील गतिविधिमा जोड्ने तथा स्थानीय खेलप्रतिभालाई प्रोत्साहन गर्ने उद्धेश्यले प्रतियोगिता आयोजना गर्न लागिएको बताए। प्रतियोगिताको मुख्य प्रायोजन मकवानपुरगढी गाउँपालिका वडा नम्बर-३ वडा कार्यालयले गरेको छ भने फुटसल रनिङशिल्ड प्रतियोगिता खेलकुद समितिले गरेको हो। आयोजकले प्रतियोगितालाई भव्य र सफल बनाउन सहयोगको लागि आग्रह गरेको छ।

## हेटौंडामा मेयर कप फुटबल

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगर पालिकाको आयोजना तथा वडा नम्बर -१३ को समन्वयमा असार ५ देखि १२ गतेसम्म हेटौंडा-१३, पदमपोखरीमा मेयरकप फुटबल प्रतियोगिता हुने भएको छ। प्रतियोगितामा १९ टोलीको सहभागिता रहने आयोजकले जनाएको छ।

विजेताले २ लाख रुपियाँ र उपविजेताले १ लाख रुपियाँ पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीलाई २५ हजार रुपियाँ तथा विभिन्न विधाका उत्कृष्ट खेलाडीलाई पनि पुरस्कृत गरिनेछ।

# कक्षा-८ र एसईईमा उत्कृष्टहरू सम्मानित हुने



सन्देश संवाददाता

हेटौंडा/थाहा नगरपालिका शिक्षा शाखाले गत शैक्षिक सत्रमा कक्षा-८ र एसईई परीक्षामा उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थी, विद्यालय र शिक्षकलाई सम्मान गर्ने भएको छ।

शाखाले मंगलबारबार एक कार्यक्रम आयोजना गरी ५२ जनालाई सम्मान गर्न लागेको जनाएको छ । सम्मानित हुनेहरुमा एसईईतर्फ सामुदायिक विद्यालयहरुमध्ये औसत जीपीए २.२६ सहित प्रथम हुने मत्स्यनारायण मावि सोल्टु, २.०४ जीपीएसहित दोस्रो हुने झम्केश्वरी मावि ओखरबजार, १.९० जीपीएसहित तृतीय हुने स्वरस्वती मावि देउखेल छन्।

संस्थागततर्फ ३.१९ जीपीए सहित प्रथम हुने पालुङ अंग्रेजी आवासीय मावि अंगारे, ३.१२ जीपीएसहित द्वितीय हुने पालुङ भ्याली हार्ट एकेडेमी स्कुलचोक, ३.११ जीपीए सहित तृतीय हुने पालुङ मोडर्न इङ्ग्लिस मिडियम स्कुल ओखरबजार सम्मानित हुनेछन्। विषयतगत् उत्कृष्ट शिक्षकहरुमा सामुदायिकतर्फ मत्स्यनारायण माविका शिक्षकहरु दिनेश केसी (अंग्रेजी), चन्द्रप्रसाद बराल (नेपाली), श्याम तामाङ (सामाजिक), देवचन्द्र ढकाल, (ऐच्छिक प्रथम), सरस्वती माविका राजेन्द्र दाहाल (गणित), जनकल्याण माविका धनबहादुर गोले (विज्ञान) र इन्द्रायणी माविका नारायणबहादुर कार्की (ऐच्छिक द्वितीय) सम्मानित हुँदैछन्।

संस्थागत् विद्यालयतर्फ पालुङ अंग्रेजी आवासीय माविका शिक्षकहरु मेरिना तौजले (अंग्रेजी), योगबहादुर सिन्तान (गणित), विराज रायमाझी (विज्ञान), जुनु उप्रेती (सामाजिक), पालुङ भ्याली हार्ट एकेडेमीका सूर्जमाया श्रेष्ठ (नेपाली), सम्झना केसी (ऐच्छिक द्वितीय) र पालुङ मोडर्न इङ्ग्लिस मिडियम स्कुलका आयुष खत्री (ऐच्छिक प्रथम) सम्मानित हुनेछन् । उत्कृष्ट विद्यार्थीहरुमा सामुदायिकतर्फ मत्स्यनारायण माविका रोहित भ्लोन (३.७ जीपीए) प्रथम, मत्स्यनारायण माविकै आर्शन थापा (३.६३ जीपीए) द्वितीय र जनकल्याण माविकी जेशिका ढकाल (३.५४ जीपीए) तृतीय स्थानबाट सम्मानित हुनेछन् । संस्थागत् विद्यालय विद्यार्थीहरुमा हिमालयन इङ्लिग्स सेकेन्डरी बोर्डिङ स्कुलकी सजिना रायमाझी (३.८७ जीपीए) प्रथम, पालुङ मोडर्न मिडियम स्कुलका स्वप्निल प्रधान (३.७३ जीपीए) द्वितीय र सरस्वती विद्या मन्दिरकी सेन्ड्रिला गोपाली (तृतीय) स्थानबाट सम्मानित हुनेछन्।

कक्षा-८ मा सामुदायिक विद्यालयतर्फ औसत जीपीए ३.२० सहित इन्द्रायणी मावि आग्रा प्रथम, ३.१५ जीपीएसहित सरस्वती मावि देउखेल द्वितीय, ३.०५ जीपीएसहित सुनौला मावि कुन्छाल तृतीय, संस्थागततर्फ ३.४६ जीपीएसहित सरस्वती विद्या मन्दिर बज्रबाराही प्रथम, ३.४२ जीपीएसहित पालुङ मोडर्न मिडियम स्कुल ओखरबजार द्वितीय र ३.४१ जीपीएसहित पालुङ भ्याली हार्ट एकेडेमी तृतीय स्थानबाट सम्मानित हुने भएका छन्।

कक्षा-८ मा सामुदायिक विद्यालयका उत्कृष्ट शिक्षकहरुतर्फ सरस्वती माविका विष्णु वाइबा ( नेपाली), सरस्वती माविकै सन्ध्या पौडेल (अंग्रेजी), सुनौला माविकी सबिना अर्याल (गणित), दुर्गादेवी माविकी बिनिशा अमात्य (विज्ञान), इन्द्रायणी माविकी सरस्वती कार्की (सामाजिक), दुर्गादेवी माविका सुवास जोशी (स्वास्थ्य तथा शारीरिक), नारायणबहादुर कार्की (थाहा ज्ञानमाला) सम्मानित हुने भएका छन्। संस्थागत् विद्यालयका उत्कृष्ट शिक्षकहरुतर्फ पालुङ भ्याली हार्ट एकेडेमीकी सूर्जमाया श्रेष्ठ (नेपाली), पालुङ मोडर्न मिडियम स्कुलका मोहनसिंह वाइबा (अंग्रेजी), सरस्वती विद्या मन्दिरका ईश्वर महर्जन ( गणित), पालुङ अंग्रेजी आवासीय माविका विराज रायमाझी (विज्ञान), पालुङ मोडर्न मिडियम स्कुलकी सीता कुँवर (सामाजिक), इअन एकेडेमीका कमल गोपाली (स्वास्थ्य तथा शारीरिक) र पालुङ भ्याली हार्ट एकेडेमीकी सम्झना केसी (थाहा ज्ञानमाला) सम्मानित हुने भएका छन्।

सामुदायिक विद्यालयका उत्कृष्ट विद्यार्थीहरुमा सुनौला माविका सलिना थिङ प्रथम, सुन्दरीदेवी माविका जेनिफा वाइबा द्वितीय र झम्केश्वरी माविका स्मिका प्रधान तृतीय पुरस्कारबाट सम्मानित हुनेछन्।

संस्थागत् विद्यालयका सरस्वती विद्या मन्दिरकी आराध्या उप्रेती, आशिष दोङ र उज्ज्वल श्रेष्ठ क्रमशः प्रथम, द्वितीय र तृतीय स्थानबाट सम्मानित हुनेछन्। आगामी वर्षहरुबाट अझ उत्कृष्ट नतिजाको अपेक्षासहित कार्यक्रम आयोजना गरिएको शिक्षा शाखाले जनाएको छ । थाहा नगरमा गत कक्षा-८ मा ९४ प्रतिशत् र एसईईमा ५७ प्रतिशत् नतिजा हासिल भएको नगरपालिका शिक्षा शाखाले जनाएको छ ।

# सरकारी कामकाजमा तामाङ र नेपाल भाषाको प्रयोग विस्तारका जोड




सन्देश संवाददाता

हेटौंडा/सरकारी कामकाजमा तामाङ र नेपाल भाषाको प्रयोग विस्तारका लागि बागमती प्रदेशका ६ जिल्लामा अभिमुखीकरण अभियान सञ्चालन गरिएको छ । सिन्धुपाल्चोक, काभ्रे, धादिङ, नुवाकोट, चितवन र सिन्धुलीका जनप्रतिनिधि तथा कर्मचारीसँग यी दुई भाषाबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको हो।

'भाषिक अधिकारको कार्यान्वयन, मातृभाषाको संरक्षण र सरकारी कामकाजमा स्थानीय भाषाको प्रयोग' भन्ने मुल उद्धेश्यसहित सरकारी कामकाजमा तामाङ र नेपाल भाषाको प्रयोग विस्तार गर्ने उद्धेश्यले प्रदेशव्यापी भाषा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको नेपाल तामाङ घेदुङ संघीय उपमहासचिव तथा भाषा कार्यक्रम संयोजक एवम् कार्यक्रम समन्वयकारी बिलाम मोक्तानले जानकारी दिए । १४ जेठदेखि सिन्धुपाल्चोकबाट सुरु गरिएको अभिमुखीकरण कार्यक्रम २० जेठमा सिन्धुली पुगेर समापन गरिएको उनले बताए।

उनका अनुसार अभिमुखीकरण कार्यक्रममा नेपाल तामाङ घेदुङका संघीय पदाधिकारी, नेवा देय: दबुका प्रतिनिधि, स्थानीय तहका प्रमुख-उपप्रमुख, वडाध्यक्ष, कर्मचारी, भाषा अभियन्ता तथा सरोकारवालाहरुको सक्रिय सहभागिता थियो । पहिलो पटक गरिएको अभिमुखीकरण अभियानबाट मातृभाषालाई सरकारी सेवाप्रवाह, सूचना प्रणाली, अभिलेख व्यवस्थापन तथा शिक्षासँग जोड्दै लैजानुपर्ने आवश्यकता देखिएको उनले बताए । मातृभाषा संरक्षण, प्रवर्द्धन र सरकारी संर

# राति उज्यालो बन्दै हेटौंडा



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगर पालिकाले नगरको २७ ठाउँमा 'हाइमास्ट लाइट' जडान गरेको छ । रात्रिकालको यात्रालाई सहज बनाउन उपमहानगरले हेटौंडा-४ को हुप्रचौरका ४ स्थान, हेटौंडा-१ तरकारी बजारमा २ वटासहित २७ मुख्य चोकहरुमा हाइमास्ट लाइट जडान गरेको हो।

उज्यालो उपमहानगर अभियानअनुसार नेपाल विद्युत् प्राधिकरणसँगको समन्वयमा जडान भएको लाइटले रातमा हेटौंडाको मुख्य क्षेत्र झलमल देखिएको छ । लाइटका कारण जरुरी कामको सिलसिलामा रातको समयमा हिंड्डुल गर्न सहज भएको छ । उपमहानगरले हेटौंडा बसपार्क, टोनीहेगन पार्क, न्युरेनी जाने बाटो, बस्तीपुर चौक, हात्तीगौंडा चौक, पदमपोखरी चौक, बँदेलधाप चौक, मयुरधाप, गुम्बाचौक, मानवसेवा आश्रम चौक, हेटौंडा-८ को फायरलाइन म्याजिक पार्क, हेटौंडा-८ को कालिका टोल, हेटौंडा-१५ को प्रणामी चौक, चिसापानी चौक, हटिया चौक, फुर्केचौर चौक, चुच्चेखोला चौक, चौघडा चौक, क्याम्पडाँडा चौक र संगम चौकमा लाइट जडान भइसकेको जनाएको छ । जडान भएकामध्ये हुप्रचौरका २ वटा लाइटको सेन्सरमा समस्या आएकाले सञ्चालन हुन नसकेको बताइएको छ। उपमहानगरले हेटौंडा बजारका विभिन्न सडकमा पोलसहित लाइटिङ

*प्रहरीद्वारा गर्मीका कारण बिद्यालय बन्द*

# विद्यार्थीको घर घरमै शिक्षक

सन्देश संवाददाता

चितवन/चितवनको भरतपुर -१४ मा रहेको नेपाल पुलिस स्कुल शान्तिपुरले गर्मी बिदा दिएको छ । चितवनमा अत्याधिक गर्मी बढेपछि विद्यालय बन्द गरिए पनि विद्यार्थी आ-आफ्नो घरमा बसेर स्कुलले दिएको गर्मी बिदाको गृहकार्य गर्दैछन्।

स्कुलका शिक्षकहरु भने बिदामा बसेका विद्यार्थीको घर घरमा पुगेरै विद्यार्थीको दैनिक गतिविधी, गृहकार्य, आचरण व्यवहार, अध्ययनको वातावतरणलगायतका विषयमा जानकारी लिने, गर्मीले पार्ने प्रभावहरु र त्यसबाट बच्ने उपायहरुका बारेमा सचेतना जगाउने काम गरिरहेका छन्। सो कामका लागि विद्यालयका ३९ जना शिक्षक शिक्षिका समूह बनाएर विद्यार्थीको घरघरमा पुगेका छन् ।

अत्याधिक गर्मी बढेसँगै दैनिक पठनपाठन सञ्चालन गर्न कठिनाइ भएर विद्यालयले गर्मी बिदा दिएको विद्यालयका समादेशक प्रहरी निरीक्षक रोशन थापाले बताए । शनिबार र आइतबारको छुट्टिसमेत गरी गर्मी बिदामा विद्यार्थीहरु ९ दिनसम्म (जेठ ३१ गतेसम्म) घरमा नै बस्नुपर्ने भएकाले विद्यार्थीको घर घरमै शिक्षकहरुलाई पठाएर अध्ययन एवम गृहकार्यमा सहजीकरण गर्ने गरिएको थापाले जानकारी दिए । विद्यालयमा ७ सय विद्यार्थी अध्ययनरत छन् ।

कक्षा एकदेखि दशसम्म अध्यापन गराइने विद्यालयमा अध्ययनरत विद्यार्थीलाई बिदाको समयमा समेत अध्ययन गतिविधीमा संलग्न गराइ राख्न विभिन्न गृहकार्य, कार्यपत्र तयार गर्ने, व्यवहारीक अभ्यास गर्ने जस्ता गतिविधीमा सक्रिय रहने गरी गृहकार्य दिएको छ । विद्यालयका शिक्षकहरु नै विद्यार्थीको घरघरमा पुग्दा अभिभावकसँग पनि प्रत्यक्ष अन्तर्क्रिया, विद्यार्थीको अध्ययनको अवस्था, विद्यार्थीको पढाइप्रति अभिरुची लगायतका विषयलाई आधार मानेर विद्यार्थीको समूह विभाजनसहित शिक्षक कर्मचारीहरुलाई परिचालन गरिएको थापाको भनाइ छ।

'यो नितान्त फरक खालको अभ्यास हामीले गरेका छौं, यसले हामीलाई पनि नयाँ अनुभव सिकाएको छ, अभिभावकको घर जाँदा अझै बढी आत्मियता पनि महसुस भएको छ,' प्रहरी निरीक्षक थापा भन्छन् 'विद्यार्थीको अनुशासन, घरमा पठनपाठनको तौर तरिका, अध्ययनको वातावरणलगायतका विषयमा धेरै कुराको जानकारी पनि लिन सकिने रहेछ ।'

शिक्षक शिक्षिकाले विद्यार्थीको घरमा पुगेर पठनपाठनका साथै अभिभावकलाई सुरक्षा सचेतना समेत गराई रहेका छन् । विद्यालय सम्म विद्यार्थी छाड्न आउँदा हुन सक्ने सवारी दुर्घटना न्यूनीकरण, घरेलु हिंसाका कारण विद्यार्थीको पढाइमा पर्ने असर, विद्यार्थीको अगाडि अभिभावकले प्रस्तुत गर्नुपर्ने आचरण व्यवहारका साथै सामाजिक सञ्जाल प्रयोग वा लतबाट पार्ने प्रभाव, हुन सक्ने सम्भावित अपराधको बारेमा समेत अभिभावक एवम् विद्यार्थीलाई सचेत गराउने काम शिक्षक शिक्षिकाले गरेका छन्।

विद्यालयले सुरक्षा, शिक्षा, अनुशासन र सामाजिकताका सम्बन्धमा विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापमार्फत विभिन्न विषयमा ज्ञान, सीप, कलामा प्रशिक्षण गर्दै आइरहेको समादेशक थापाले जानकारी दिए।

# नेपालले ३८४ मिलियन डलर पाउने

सन्देश संवाददाता

काठमाडौं/अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ) ले नेपालसँगको विस्तारित कर्जा सुबिधा (एक्सटेन्डेड क्रेडिट फ्यासिलिटी-ईसीएफ) कार्यक्रमअन्तर्गत् नेपाललाई करिब ४२.९ मिलियन अमेरिकी डलरबराबरको सहायता उपलब्ध गराउने निर्णय गरेको छ। आईएमएफका अनुसार आर्थिक गतिविधिमा देखिएको सुस्तताका कारण नेपालले संरचनात्मक सुधारका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेकाले उक्त सहायता उपलब्ध भएको आईएमएफद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

मौद्रिक सञ्चालन प्रणालीको आधुनिकीकरण, वित्तीय क्षेत्रको निगरानीमा सुधार, ऋण पोर्टफोलियो समीक्षा सम्पन्न गरेको, वित्तीय ढाँचा तथा पारदर्शितामा सुधार, सार्वजनिक लगानी व्यवस्थापन सम्पत्ति शुद्धीकरण नियन्त्रणसम्बन्धि संरचना सुदृढ बनाउने, कानुनी सुधार गर्ने तथा सार्वजनिक संस्थानहरुको जवाफदेहिता बढाउने कार्यले सुशासनका क्षेत्रमा पनि सुधार भएका उल्लेख छ । आईएमएफको कार्यकारी बोर्डले जुन ५ मा सम्पन्न बैंठकपछि सार्वजनिक गरेको विवरणअनुसार नेपालले उक्त कार्यक्रमअन्तर्गत् आर्थिक सुधारका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको जनाइएको छ । आईएमएफले चालु आर्थिक वर्ष २०२५/०२६ मा नेपालको आर्थिक वृद्धि तीन प्रतिशत् रहने प्रक्षेपण गरेको छ। राजनीतिक प्रदर्शनका कारण सिर्जित अवरोध, कृषि उत्पादनमा कमी, निजी लगानीमा सुस्तता तथा मध्यपूर्व युद्धको प्रभावका कारण अपेक्षाकृत न्यून वृद्धि हुने अनुमान गरिएको हो ।

नेपालले प्राप्त गर्ने कुल सहायता करिब ३८४ दशमलव एक मिलियन अमेरिकी डलर पुगेको छ । यसअघि आईएमएफको कार्यकारी बोर्डले नेपालका लागि लागु गरेको विस्तारित कर्जा सुबिधा (ईसीएफ) कार्यक्रमको सन् २०२६ जुलाई ११ सम्म कायम रहनेछ। नेपालका लागि ३८ महिनाको ईसीएफ कार्यक्रम सन् २०२२ जनवरी १२ मा स्वीकृत भएको थियो । उक्त कार्यक्रमअन्तर्गत् नेपालले २८ करोड २४ लाख २० हजार अमेरिकी डलर कोटाको १ सय ८० प्रतिशत्बराबर पहुँच प्राप्त गरेको थियो । नेपालले आईएमएफसँगको ईसीएफ कार्यक्रममार्फत् वित्तीय स्थायित्व कायम गर्ने, विदेशी मुद्रा सञ्चिति

# जिल्लास्तरीय भलिबल उपाधि हेटौंडा-११ लाई



सन्देश संवाददाता

हेटौंडा/सरस्वती टोलविकास संस्थाको आयोजनामा भएको मकवानपुर जिल्लास्तरीय भलिबल प्रतियोगिताको उपाधि आयोजक हेटौंडा-११ ले जितेको छ। फाइनलमा हेटौंडा-११ ले थाहा-२ लाई ३-२ सेटले पराजित गर्दै च्याम्पियन बनेको हो ।

उपाधिसँगै हेटौंडा-११ ले ५० हजार रुपियाँ तथा शिल्ड, मेडल र ट्रफी प्राप्त गरेको छ । उपविजेता थाहा-२ ले ३० हजार रुपियाँ पायो । जेठ २१ गतेदेखि सुरु भएको प्रतियोगितामा १३ टोलीको सहभागिता थियो ।


# लिलाम बिक्रीसम्बन्धि सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०२/२६

यस सहकारी संस्थामा रहेको १ थान तपशिल विवरणसहितको मोटरसाईकल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बोलपत्रको माध्यमबाट प्रचलित कानूनबमोजिम लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा ईच्छुक ब्यक्ति, कम्पनी, फर्महरुले मूल्यांकीत रकमको १० प्रतिशत धरौटी रकम संस्थामा जम्मा गरी सोको सक्कल भौचर र आवश्यक कागजातहरु सहित सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र रितपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

| | |
|---|---|
| **मोटरसाईकलको नाम** | : बजाज पल्सर १५० सिसि |
| **दर्ता नं र बनेको बर्ष** | : ना ४० प १६७७, २०१६ |
| **ईन्जीन नं** | : DHZWGB-14587 |
| **चेचिस नं** | : MD2A11CZ9hVOB06145 |

सूचनाको बिस्तृत विवरण तथा लिलाम बिक्रीसम्वन्धि अन्य कुराहरु बुझ्नका लागि संस्थाको कार्यालय वा मोवाईल नम्बर ९८४९६९८२४५, ९८४५५३८९०६ र ९८४५५३७०७७ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**साना किसान कृषि सहकारी संस्था लि.बसामाडी**
हेटौंडा-१९, बस्तिपुर, मकवानपुर

ईतिहासमा गौरव बोकेको, गुणस्तरीय बिश्वाशिलो नाम
शिक्षा, अनुशासन र सफलताको पहिचान
"आजको सही निर्णय, भोलिको सफल भविष्य"

**भुटनदेवी माध्यमिक बिद्यालयमा**

## !! भर्ना खुल्यो !!

अब आफ्नो उज्जवल भविष्यको सुरुवात गर्नुहोस्,
अनुभवि शिक्षक, आधुनिक शिक्षा प्रणाली र अनुशासित शैक्षिक वातावरणसहित

**बिषयहरु :**

- ▶बिज्ञान बिषय (Science)
- ▶ब्यवस्थापन बिषय (Management)
- ▶होटल म्यानेजमेण्ट (Hotel Management)
- ▶सिभिल ईन्जिनियरिङ बिषय (Civil Engineering)
- ▶शिक्षा र कम्प्युटर बिषय (Education & Computer)

॥ ॥ ॥

**शैक्षिक उष्कृटताको लामो ईतिहास बोकेको यस बिद्यालय हाल ISO Certification प्रक्रियामा अग्रसर हुदै अझ गुणस्तरीय र अन्तराष्ट्रियस्तरको शिक्षातर्फ उन्मुख छ।**

**हाम्रा बिशेषताहरु :**

- ◆दक्ष तथा अनुभवी शिक्षकहरु
- ◆ब्यवस्थित कक्षा कोठाहरु
- ◆आधुनिक प्रयोगशाला
- ◆प्रबिधिमैत्री शिक्षण सिकाई
- ◆उत्कृष्ट नतिजा
- ◆पर्याप्त खेल मैदान
- ◆GPA अनुसार पूर्ण छात्रबृत्तिको ब्यवस्था भएको

**तपाईको सपना र सफलताको यात्रामा**
**संधै एक कदम अगाडि**
**आजै आफ्नो सिट सुरक्षित गर्नुहोस्**

थप जानकारी तथा भर्नाको लागि बिद्यालयमा सम्पर्क राख्नुहोला ।

**भुटनदेवी माध्यमिक बिद्यालय**

**सम्पर्क**: ०५७-५२०४२०, ९८५५०७०५३५, ९८४५४५९५०८


प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देशका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना, कार्यालय: हेटौंडा-२ नगरपालिका रोड, फोन: ०५७-५२२२३७, ५२४२३६, E-mail: htd.sandesh@gmail.com, प्रबन्ध निर्देशक/सम्पादक: माधव न्यौपाने